लेखापरीक्षण प्रतिवेदन

मोदी गाउँपालिका, पर्बत

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मोदी गाउँपालिका, पर्बत

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/397

श्रीमान् अध्यक्षज्यू,

मोदी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, पातिचौर, पर्वत।

विषय - लेखापरीक्षण प्रतिवेदन।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/397

श्रीमान् अध्यक्षज्यू,

मोदी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, पातिचौर, पर्वत।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाऊँपालिकाको रु.१ अर्ब ३० करोड २६ लाख ८५ हजारको लेखापरीक्षण गरिएकोमा रु.३ करोड ३ लाख ८७ हजार (२.३३ प्रतिशत) बेरुजु देखिएको छ । सो सम्बन्धमा रु.७ लाख ६७ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.४९ लाख ७७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४८ लाख ५७ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.८४ लाख ३४ हजार रहेको छ। गत वर्षसम्म रु.१८ करोड ६५ लाख १५ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२१ करोड ६१ लाख ३४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा**-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७०	८१	३,०३,८६,६४३	०	१३	७,६७,११४	०	७०	६८	२,९६,१९,५२९	४९,७६,९७७	१,४८,५७,२९१	८४,३४,०६१	०	०	२,३२,९१,३५२	१३,५१,२००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पर्वत	१८,६५,१५,२७३	0	०	१८,६५,१५,२७३	0	२,९६,१९,५२९	२१६१३४८०२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	पेश्की बाँकी	२,४२,०००
२	२०८१/८२	नदिजन्य पदार्थ बढी उत्खननको राजश्व	५८,४२४
३	२०८१/८२	दर्ता, सिफारिस तथा प्रमाणपत्र प्रणाली सञ्चालन खर्च	३,६७,२५०
४	२०८१/८२	जिन्सी दाखिला, हस्तान्तरण र प्रतिवेदन	९९,४४०
जम्मा			**७,६७,११४**

मोदी गाउँपालिका, पर्बत

(८०४४२५०४३००)

मोदी गाउँपालिका , पर्वत

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस मोदी पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु मोदी पालिकाको उद्देश्य रहेको छ । यस मोदी पालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, १४३.५९ वर्ग किलोमिटर क्षेत्रफल तथा २१२८४ जना जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२/१०/१३ देखि २०८२/१०/१६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फ रु.१ अर्ब ३० करोड २६ लाख ८५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१४५१५७/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं.	बिवरण	रकम रु.
१	ठेक्का नम्बर 2/MRM/NCB/WORKS/2080-81 को निर्माण व्यवसायीलाई बढी भुक्तानी असुली	१२६१५७
२	दैनिक विद्यालयब्रसिङ्ग कार्यक्रम कार्यक्रम सञ्चालनको बिल भरपाईभन्दा बढी खर्च लेखेको रकमअसुल भएको	१९०००
	जम्मा	**१४५१५७**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको वित्तीय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तपशिल बमोजिम रहेको छ ।

प्राप्ति		भुक्तानी	
विवरण	रकम	विवरण	रकम
सुरु मौज्दात (१+२+३)	१३३५२७६२	क. चालु खर्च (१+२)	३९३८५०९०९
१. संचित कोष	४८२९८३७	१. पालिका तर्फ	१३०७५०६०१
२.धरौटी	६३१४७७१	२. संघीय सशर्त	२६३१००३०८
३.कार्यसञ्चालन कोष	२२०८१७४	३. संघीय विशेष	
३.१ विविध खर्च खाता	१८२०२३१	ख. पुँजीगत खर्च (१+२+६+7)	७०८५१३४२
३.२ प्रकोप व्यवस्थापन कोष खाता	३८७९४३	१. पालिका तर्फ	५४८५७६००
यस वर्षको आय (१+२+३+४+७+८)	६६३५६४४०८	२. संघीय सशर्त	७६११९४२
१.आन्तरिक आय	५९६१६२९	३. प्रदेश विशेष	४००००००
२. वित्तीय हस्तान्तरण (संघ)	४६९४६७७७६	४. प्रदेश समपुरक	४३८१८००
क) समानीकरण अनुदान	८३१३४५६०	ग. अन्तर सरकारी अख्तियारी (संघ)	१५१९५७६४६
ख) राजस्व बाँडफाँट	९३४१६४५६	१) सामाजिक सुरक्षा	१५१९५७६४६
ग) सशर्त अनुदान	२८७४१२७६०	घ. धरौटी फिर्ता तथा सदर स्याहा	१३२०३५३
घ) समपुरक अनुदान	५५०४०००	ङ. कार्यसञ्चालन कोषबाट भएको खर्च	४४४०१३४
३. वित्तीय हस्तान्तरण (प्रदेश)	२६८९८१३०	१.विविध खर्च खाता	४४४०१३४
क) समानीकरण अनुदान	११५६९०००	च. अनुदान फिर्ता	१६७००५१०
ख) राजस्व बाँडफाँट	६९४७३३०	१. संघ तर्फ	१६७००५१०
ग) समपुरक अनुदान	४३८१८००	क) सशर्त अनुदान	१६७००५१०
घ) विशेष अनुदान	४००००००	ख. अन्तिम मौज्दात (1+2+3)	३७७९६२९६
४. अन्तर सरकारी अख्तियारी (संघ)	१५१९५७६४६	१. संचित कोषको मौज्दात	२५७२४६०१
क) सामाजिक सुरक्षा	१५१९५७६४६	२. धरौटी	७३६०५०५
५. धरौटी आय	२३३६०८७	३. कार्यसञ्चालनकोष	४७११९८९
६. कार्यसञ्चालन कोष आय	६९४३१६०	४. अन्य कोष	०
जम्मा(शरु मौज्दात +यस वर्षको आय)	६७६९१७१८९	जम्मा (क+ख+ग+ज+झ+ठ+ड)	६७६९१७१८९

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ।

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय बिवरणमा समावेश नभएको कारोवार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा प्रत्येक गाउँपालिका तथा नगरपालिकाको आफ्नो एउटा स्थानीय सञ्चित कोष रहने र संघ तथा प्रदेशबाट प्राप्त रकम र स्थानीय तहको आफ्नो आम्दानी उक्त सञ्चित कोषमामा समावेश गर्नुपर्ने ब्यबस्था छ । नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०१/१६ को निर्णय अनुसार स्वीकृत भै प्रत्येक स्थानीय तहले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मार्फत नैं आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने ब्यबस्था गरे अनुसार यस पालिकाको आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । यस पालिकामा देहाय

अनुसारका १ वटा शिर्षकमा यो वर्ष संघीय सरकारबाट रु.१५१९५७६४६.२० बजेट प्राप्त भै खर्च भएकोमा सो कारोबार सूत्र प्रमाणलीमा समावेश हुने ब्यबस्था नभएका कारण संघीय सरकारी कार्यालयलहरुले आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्ने सरकारी लेखा प्रणाली (सिग्यास) मा नैं लेखाङ्कन तथा प्रतिवेदन गर्ने गरेको छ ।

सि.नं.	खर्च शीर्षक	बजेट	निकासा खर्च
१	सामाजिक सुरक्षा	१५१९५७६४६.२	१५१९५७६४६.२

यसरी एउटै स्थानीय तहले संघीय सरकारबाट प्राप्त हुने बजेटको सिग्यास प्रणाली र अन्य कारोबारको सुत्र प्रणाली मार्फत लेखाङ्कन तथा प्रतिवेदन गर्दा सबै कारोबाको एकिकृत वित्तीय प्रतिबेदन तयार नहुने र म्यान्युअल रुपमा छुट्टै एकिकृत वित्तीय विवरण तयार गर्नुपर्ने अबस्था छ । अत: स्थानीय तहले संघ, प्रदेश तथा स्थानीय तहको सबै आर्थिक कारोबारलाई एउटै प्रणालीमा समवबेश गरी एकिकृत बित्तीय विवरण तयार हुने ब्यबस्था गर्नुपर्दछ ।

४ वित्तीय विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६/०२/१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

- देखाएको बैंक तथा नगद बाँकी रु. ४०४२३५०६/७४ मध्ये सञ्चित कोष खातामा रु. रु.२५७२४६०१/४७ मौज्दात रहेको छ ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिडान भएको पाईएन ।

५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो तयार गरेको र लागू गरेको छैन । पालिकाको आन्तरिक नियन्त्रण ब्यबस्था सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन् :

<u>बजेट व्यवस्थापन तर्फ:</u>

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार गरेको छैन ।
- स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमहरु जस्तैः बैठक, तालिम, गोष्ठी, अभिमुखिकरण आदी लाई व्यवस्थापन गर्न कार्य सञ्चालन निर्देशिका स्वीकृति गरी सोको कार्यान्वयन गरेको छैन ।
- स्थानीय तहबाट यस वर्ष सञ्चालन कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती तयार गरेको छैन ।

भ्रमण खर्च व्यवस्थापन तर्फः

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा सबै प्रकारका भ्रमणको भ्रमण अभिलेख राख्ने गरेको छैन ।
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् सबै खालका भ्रमणको प्रतिवेदन लिने गरेको छैन ।

खरिद व्यवस्थापन तर्फः

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको विवरण पेश गरेको छैन ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयनको अवस्था अद्यावधिक गरी राख्ने गरेको पाईएन ।

शिक्षातर्फः

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।

विविधतर्फ :

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- पुर्वाधार निर्माण योजनाहरुमा प्रयोग भएको सामाग्रीको प्रयोगशाला परीक्षणको प्रावधान रहेतापनि कतिपय योजनाहरुमा परीक्षणको भुक्तानी नहुने र प्रतिवेदन पेश नहुने गरेकोले प्रयोग हुने सामाग्रीको गुणस्तर कायम भएको सम्बन्धमा कार्यालय आश्वस्त हुनु पर्दछ ।
- कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानै रहेको र अद्यावधिक गरि राखेको छैन ।
- कार्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित कार्यक्रमको बजेटबाट खाना खाजा लगायत विविध खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्ने गरेको छैन ।
- खरिद गरेका अधिकांश सामाग्रीहरुको ब्राण्ड, मोडल, स्पेसिफिकेशन खुलाउने गरेको छैन ।
- मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फस्र्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको पाईएन।
- पुर्वाधार निर्माणका अधिकांश कार्यको लागत अनुमान, नापी किताव, नापी बिल, तथा कार्यसम्पन्न प्रतिवेदनमा त्यस्तो विवरण तथा प्रतिवेदन तयार गर्ने तथा स्वीकृत गर्ने कर्मचारी तथा पदाधिकारीको नाम र पद खुलाउने गरेको छैन।

अत: पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री बिमल लामिछानेले ले मिति २०८२/०३/१० गते रु.६३ करोड ६३ लाख ८० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८२/०३/१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८२/०३/२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७ **बजेट विनियोजन**

आर्थिक वर्ष २०८१/०८२ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ:

कुल बजेट	चालु बजेट रु.	प्रतिशत	पूँजीगत बजेट रु.	प्रतिशत
५८८५२४२९९	४५६५३२७४९	७७.५७	१३१९९१६५०	२२.४२

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.५८८५२४२९९/- बजेट विनियोजन भएकोमा चालु तर्फ रु.४५६५३२७४९/- अर्थात ७७.५७ प्रतिशत र पूँजीगत तर्फ रु.१३१९९१६५०/- अर्थात २२.४२ प्रतिशत विनियोजन भएको छ । पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेटमध्ये चालु प्रकृतिको खर्चमा भन्दा पुँजीगत प्रकृतिको खर्चको हिस्सामा बढि बजेट विनियोजन गर्नुपर्दछ ।

८ **बजेट तथा पूँजीगत खर्च**

गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ:

क्र.सं.	आर्थिक वर्ष	बजेट	पूँजीगत खर्च	बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत
१	२०८१/०८२	५८८५२४२९९	७४४९२८४६	१२.६५

पालिकाको यस वर्ष बजेट रु.५८८५२४२९९/- विनियोजन गरेकोमा पूँजिगत रु.७४४९२८४६/- खर्च गरेको छ जुन कुल बजेटको १२.६५ प्रतिशत मात्र हुन आउँछ । पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर चालु प्रकृतिको खर्चमा भन्दा पुँजीगत प्रकृतिको खर्चको हिस्सामा बृद्धि गर्नुपर्दछ ।

९ **बजेट तथा चालु खर्च**

गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाय बमोजिम रहेको छ:

क्र.सं.	आर्थिक वर्ष	बजेट	चालु खर्च	बजेटको तुलनामा चालु खर्चको प्रतिशत
१	२०८१/०८२	५८८५२४२९९	३१३८५०९०८	५३.३२

पालिकाले यो वर्ष रु.५८८५२४२९९/- बजेट विनियोजन गरेकोमा चालु तर्फ रु.३१३८५०९०८/- खर्च गरेको छ । जुन कुल बजेटको तुलनामा ५३.३२ प्रतिशत हुन आउँछ । पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये पुँजीगत खर्चको हिस्सामा बृद्धि गरी अनिबार्य प्रकृतिका बाहेक अन्य चालु खर्चहरुमा न्यूनीकरण गर्नुपर्दछ ।

१० **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रीय निकायले त्यसको भौतिक र

बित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगती कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ६३.३६ प्रतिशत र आषाढमा मात्र ३१.९० प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गरेर प्रत्येक त्रैमासिकमा समानुपातिक ढङ्गले खर्च गर्न पहल गर्नुपर्दछ ।

शीर्षक	कुलजम्मा	हजारखर्च (रु.हजारमा)				
		प्रथम	दोस्रो	तेस्रो	चौथो	आषाढ
गाउँपालिकापूजीगत	५३५११	७२९९	७६७८	५२२५	३३३०९	२३७६२
संघीयससर्त	१३१००	०	०	१५९०	११५१०	०
प्रदेशससर्त	७८८२	०	४०००	१५००	२३८२	०
जम्मा	**७४४९३**	**७२९९**	**११६७८**	**८३१५**	**४७२०१**	**२३७६२**
प्रतिशत		**९.८**	**१५.६८**	**११.१६**	**६३.३६**	**३१.९**

११ क्षेत्रगत बजेट र खर्चको स्थिती

स्थानीय तहहरुले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१/०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ:

क्र.सं.	क्षेत्र/ उपक्षेत्र	विनियोजन	खर्च	प्रतिशत
१	आर्थिक विकास	१५६०५	९५३१	१.७
२	सामाजिकविकास	३३९२०६	२९६१३०	५२.८८
३	पूर्वाधारविकास	८६९२७	५७४५२	१०.२६
४	सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र	१८१५२	११४५४	२.०५
५	कार्यालयसञ्चालन तथा प्रशासनिक	१००१३४	८८२७२	१५.७६
	जम्मा	५६००२४	४६२८३९	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५२.८८ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी १.७० प्रतिशत खर्च भएकोले न्यून खर्च र बढी खर्च क्षेत्रबीच ५१.१८ प्रतिशतको फरक देखिन्छ । अत: पालिकाले प्रत्येक क्षेत्रमा आनुपातिक ढङ्गगले खर्च हुने व्यवस्था गर्नुपर्दछ ।

१२ गत वर्षको खर्चको यो वर्ष भुक्तानी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२.क) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको अबस्थामा मात्र बजेट खर्च गर्न वा बजेट निकासा दिनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले गत वर्षको योजना/कार्यक्रमहरुको भुक्तानी दिन बाँकी रहेको जनाई यो वर्ष ३५ योजनाको रु.१६५७७९९६/- भुक्तानी दिएको छ । यसरी यस वर्षको वजेटबाट विगत वर्षको भुक्तानी गर्दा चालु वर्षको कार्यक्रम सञ्चालनमा बजेट अभाव हुने र नियमित कार्य सञ्चालनमा समेत असर पर्ने देखिन्छ । कार्यालयले चालु वर्षमैं सम्पादन हुने र चालु वर्षको बजेटबाट भुक्तानी दिन सकिने योजना तथा कार्यक्रम मात्र तयार गर्नुपर्दछ साथै चालु वर्षका योजना तथा कार्यक्रमको खर्च चालु वर्षको बजेट बाटै भुक्तानी गरेर आगामी वर्षको बजेटमा व्ययभार पर्नेगरी दायित्व सिर्जना गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ ।

१३	**सम्पत्ति हस्तान्तरण**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।

१४	**ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.३२ देखि ३४.६० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । स्विकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाहरुको न्यून लागतमा तोकिएको गुणस्तरको कार्य भएको नभएको सम्वन्धमा नम्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा संझौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको एकिन गर्न संयन्त्र तयार गरी न्यून मूल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा योजना सञ्चालन गर्ने गरी कबोल तथा संझौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	देउपुर-ठुलीपोखरीपूर्णगाउँ-लंगादी- घुरुन्गा सडक स्तरोन्नति कार्य	01/MRM/NCB/WORKS/(2081-82)	पद्मदिपकन्स्ट्रक्सन,जैमिनी-०१,बाग्लुंग	११९९९७७७.९३	८९०६१५४.९३	-२३.५६
२	बाजुंगकोट देखि भूमेथान सम्म एतिहासिक पदमार्ग निर्माण कार्य	02/MRM/NCB/WORKS/(2081-82)-Re	न्युपन्चासे निर्माण सेवा,मोदी-०५,पर्वत	७७१७३५४.६	७४३३७०६.७३	-०.३२
३	कुस्मान.पा. ११ गगटे हुदै गोतामे थर रापू आर्थर डांडाखर्क हुदै स्यांग्जा सडकस्तरोन्नति कार्य	03/MRM/NCB/WORKS/(2081-82)	कंडेलनिर्माण वा,भरतपुर-१४,चितवन	१९९९९०६०.३४	१२६९४५२७.९३	-३४.६
४	तिलाहारथामर्जुंग सडक मर्मत तथा स्तरोन्नति कार्य	04/MRM/NCB/WORKS/(2081-82)	प्र.अ.कन्सट्रक्सनसेवा उधोग,मोदी-०६	२६७८४१८.	१८९१२६६.५४	-२७.२९
५	रतिसिंचाइ नहर निर्माण	05/MRM/NCB/WORKS/(2081-82)	सिक्सब्रदर्स,मोदी-६	८६९८३०९.७	६४४७६६५.७६	-२८.२३
६	राम्जाआयूर्बेद औषधालय भवन निर्माण	07/MRM/NCB/WORKS/(2078-79)	अपारनिर्माण सेवा,मोदि -०६	११५९४३२७.८२	७५४०८२६.२४	पुरानो योजना

१५ योजना छनौट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजनाहरु छनौट नगरी साना-साना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुने कारण यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष भएका कामका योजनाहरू देहायअनुसार रहेका छन्:

क्र.सं.	विवरण	योजनासंख्या	रकम (रु हजारमा)
१	रु.१ लाखभन्दा कमका योजना	१९	१०९०
२	रू.१ लाख देखि रू.३ लाख सम्मका योजना	४४	६३७८
३	रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना	१४	५३५०
४	रु.५ लाखभन्दा माथिको योजनाहरु	२३	१०३२२१

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने कारण यस्तो कार्यमा नियन्त्रण गरी ठूला र प्राथमिकता प्राप्त योजना सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१६ निर्माण कार्य व्यवस्थापन

पालिकाले आर्थिक वर्ष २०८१/०८२ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छः

योजना संख्या	ठेक्का मार्फत		उपभोक्ता समिति मार्फत	
	संख्या	रकम	संख्या	रकम
८६	६	४४९१४१४४	८०	१६०८४०२५

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ८६ योजनाहरु मध्ये ठेक्का मार्फत ६ वटा योजनामा रु.४४९१४१४४/- खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ८० योजनामा रु.१६०८४०२५/- गरी रु.६०९९८१६९/- खर्च गरेको छ । अर्थात योजनामा भएको खर्च मध्ये ७३.६३ प्रतिशत ठेक्का प्रक्रिया र २६.३६ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका विषयहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एवं व्यवस्थापन गर्नु पर्दछ ।

१७ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९ स्वास्थ्य सेवा ऐन २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फका कर्मचारीहारुको रु.२५४०६०००/- र पालिका तर्फका कर्मचारीको रु.२४१४००००/- गरी रु.४९५४६०००/- तलव खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१८ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ:

गत वर्षबाट सरेका विवाद संख्या	यस वर्ष दर्ता भएका विवाद संख्या	जम्मा विवाद संख्या	फछ्र्यौट/ कारवाही भएका विवाद	फछ्र्यौट/ कारवाही हुन बाँकी विवाद
२	३२	३४	२७	७

उपरोक्तानुसार पालिकामा गत वर्षबाट २ मुद्धा सरेर आएकोमा यो वर्ष ३२ मुद्धा दर्ता भएकोमा २७ मुद्धाको निरुपण भई ७ मुद्धाको जिम्मेबारी सरेको पाईयो । आर्थिक वर्ष २०८१/०८२ को अन्तमा बाँकी रहेका मुद्धाको समयमै न्यायिक निरुपण हुने व्यवस्था गर्नुपर्दछ ।

१९ सहकारी तर्फ

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

१९.१ **सहकारी संस्थाको विवरण:** यस पालिका अन्तर्गतका सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ।

सहकारी संस्थाको किसिम	सहकारी संख्या	सदस्य संख्या
वचत तथा ऋण सहकारी संस्था लि.	४	१११९
बहुउदेश्यीय सहकारी संस्था लि.	१०	१०४८
कृषि सहकारी संस्था लि.	२१	१४५०
अन्य	३	२२५
जम्मा	३८	३८४५

यस पालिकाको कार्यक्षेत्रमा ३८ सहकारी भएको विवरण प्राप्त भएकोमा सहकारीको पूर्ण विवरण प्राप्त भएको छैन । पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएतापनि ऐनमा तोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । पालिकाले सहकारी सदस्यहरुको हित र बचत रकमको सुरक्षा हुनेगरी कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गरी ऐनको व्यवस्था अनुसार कानूनी दायरामा ल्याउनुपर्दछ।

१९.२ **सहकारी नियमन:** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारी संस्थाले कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था छ भने सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यवसायिक कारोबारको विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्ने तथा सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा सबै विवरण अद्याबधिक गर्न बाँकि देखियो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२० दरबन्दी र पदपूर्ती

दरबन्दी र पदपूर्ती : पालिकामा स्वीकृत कर्मचारी दरबन्दी पदपूर्ती को अबस्था देहाय अनुसार रहेको छ:

क्र.सं.	स्वीकृत पद	संख्या	पदपूर्ती	
			स्थायी	करार
१	अधिकृत स्तर	८	७	
२	सहायक स्तर (स्वास्थ्य तर्फको समेत)	३५	३२	५

२१ **कर्मचारी दरबन्दी र पदस्थापना:**

निजामति सेवा ऐन, २०४९ को दफा ११ मा कुनै पनि कार्यालयमा पद रिक्त नभई वा पद सृजना नभई कर्मचारी नियुक्त गर्न नहुने उल्लेख छ । यस पालिकामा अधिकृत सातौं (शिक्षा तर्फ) एक जनाको मात्र दरबन्दी भएकोमा पालिकाले सोही पदमा दुई जना पदस्थापन गरी वर्ष भरिमा प्रति ब्यक्ति रु.८४२३६५/- का दरले दुईजनाको रु.१६८४७३१/- तलव भत्ता लगायतमा खर्च लेखेको छ । यसरी एकजनाको मात्र दरबन्दी रहेको एउटै पदमा दुईजना कर्मचारी पदस्थापना गरेका कारण तलव भत्ता लगायतमा खर्च गर्नुपरेका कारण पालिकालाई थप दायित्व सिर्जना भएको छ । यस सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एक जनाको दरबन्दी पदपूर्ती भएको अबस्थामा थप एकजना कर्मचारी सरुवा गरि पठाएकोले यस्तो हुन गएको र यस सम्बन्धमा मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेशमा लेखी पठाएको पालिकाले जनाएको छ । अत: दरबन्दी भन्दा बढी संख्यामा कर्मचारीको पदस्थापना गरि पालिकालाई थप व्ययभार पार्ने परिपाटीमा नियन्त्रण गरि तोकिएको दरबन्दि अनुसार मात्र कर्मचारी पदस्थापना गर्नुपर्दछ ।

२२ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यो वर्ष विभिन्न व्यक्ति तथा निकायहरुलाई सहयोग गरी रु.६५०९७९/- आर्थिक सहायता वितरण गरेको छ । पालिकाले विभिन्न व्यक्ति तथा निकायहरुलाई गर्ने सहयोग शिर्षकमा आर्थिक सहयता वितरण गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । आर्थिक सहायताको रकमलाई सार्बजनिकीकरण गर्नुपर्दछ ।

२३ **धरौटी खाता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ । यस पालिकाको यस आर्थिक वर्षको धरौटीको अबस्था देहाय अनुसार रहेको छ ।

गत वर्षको मौज्दात	यो वर्षको आम्दानी	जम्मा धरौटी आम्दानी	यो वर्षको धरौटी खर्च	धरौटीको अन्तिम मौज्दात
५३५१४५९	२३०६०८७	७६५७५४६	२९७०४१	७३६०५०५

गाउँपालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि कुन ब्यक्ति वा संस्थाको नाममा धरौटी रकम के बापत राखेको हो यकिन गर्न सकिएन । उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वयनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू अद्याबधिक गरी राख्नुपर्दछ।

२४ **नगद भुक्तानी**

आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं.१८३ वाट राज्यकोषवाट हुने तलव भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको अर्थ मन्त्रालयको प.सं. २०७४/०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४/०२/१६ को पत्रको प्रकरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार प्रदेश तथा स्थानीय तह विश्वविद्यालय नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान समिति परियोजना प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ्ग च्यानल बाट भुक्तानी गर्नु पर्ने ब्यवस्था भएकोमा पालिकाले उपभोक्ता समिति मार्फत

भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ।

२५ जिन्सी दाखिला, हस्तान्तरण र प्रतिवेदन

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८३ (१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी सामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी लगत अद्याबधिक गर्नु गराउनुपर्नेछ भन्ने ब्यबस्था रहेको छ । सोही नियमावलीको नियम ९२ मा कुनै नगद, जिन्सी वा सरकारी कागजात हस्तान्तरण गर्दा कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीको लिखित आदेश भएपछि महालेखापरीक्षकबाट स्वीकृत ढाँचाको हस्तान्तरण फारम भरेरमात्र हस्तान्तरण गर्नुपर्ने र हस्तान्तरण पश्चात लगत कट्टा गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले देहाय अनुसारका सामाग्री खरिद गरि रु.२०५१६३/- भुक्तानी गरेकोमा उक्त सामाग्रीहरु पालिकाको जिन्सी खतामा दाखिला गरेको छैन भने लक्ष्यित बर्गमा हस्तान्तरण समेत गरेको नपाईएकोले पालिकाको जिन्सी खातामा दाखिला गरी लक्ष्यित वर्गलाई हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु..

गो.भौ.नं.र मिति	आपूर्तीकर्ता/ परामर्शदाता	खरिद/ कामकोविवरण	परिमाण/ थान	रकम	कैफियत
२९-२०८१/०८/२३	जनसेवा फर्निचर उद्योग (६०४२१३६७७)	काठकोईजलास निर्माण	१	३४८००	जनसेवा फर्निचरउद्योगले जारी गरेको बिजक र पालिकाको सरकारी सम्पती व्यवस्थापन प्रणाली (PAMS)मादाखिला गरेको प्रमाण पेश गर्नुपर्ने ।
१५९-२०८२/०३/२२	न्यु कम्प्युटर बजारखरिद तथा बिक्री केन्द्र (600502713)	8 TB Hard Disk	२	१०७०००	जडान गरीप्रयोगमा आएको प्रतिवेदन पेश हुनुपर्ने ।
१५९-२०८२/०३/२२	न्यु कम्प्युटर बजारखरिद तथा बिक्री केन्द्र	6 TB Hard Disk	१		
१०४-२०८२/०२/२८	S.K. Dhaulagiri Nirman Sewa Pvt. Ltd. (601340880)	डेक्सबेन्च निर्माण	१३ सेट	६३३६३	गुरुङ्ग गाउँ आधारभुतविद्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने ।
		जम्मा		२०५१६३	

(..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **९९,४४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२,०५,१६३

२६ समपुरक अनुपात

समपुरक अनुदान कार्यविधि, २०८१ को बुँदा नम्बर ९ मा योजना आयोगबाट छनोट भएको आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजनाको कुल लागत, प्रकृति, कार्यान्वयन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, कार्यान्वयनबाट हुन सक्ने उपलब्धि तथा आर्थिक, सामाजिक तथा पूर्वाधार विकास अवस्था र राजस्व क्षमता समेतको आधारमा प्रदेशले स्थानीय तहलाई समपूरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था रहेको छ । यसरी छनौटमा परेका देहाय अनुसारका योजनाहरुमा गण्डकी प्रदेश सरकार र मोदी गाउँपालिकाले ५० प्रतिशत साझेदारीमा सञ्चालन गरिने देहाय अनुसारका योजनाहरुमा नेपाल सरकार र प्रदेश सरकार संचित कोषबाट रु.९३१६१८/- बढी र स्थानीय तहबाट घटी भुक्तानी भएकोले स्थानीय संचित कोषबाट संघीय तथा प्रदेश संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु..

योजनाको नाम	प्रदेश	स्थानीय तह	जम्मा	साझेदारी रकम	घटी भुक्तानी
Gotamethar Kavrebot-Thati Padmarga (02/2080/081)					
३-२०८१/०३/२२	२५०००००	०	२५०००००		
३४-२०८१/०८/२६	०	६३६७६३	६३६७६३		
जम्मा	**२५०००००**	**६३६७६३**	**३१३६७६३**	**१५६८३८२**	**९३१६१८**

प्रमाण पेश नगरेको	९,३१,६१८

२७ **भुक्तानी दिन बाँकी:**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२.क) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको अबस्थामा मात्र बजेट खर्च गर्न वा बजेट निकासा दिनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले निम्नानुसार २ वटा योजनामा गत वर्षको भुक्तानी दिन बाँकी रु.६८४०००००/- राखेकोमा यस वर्ष पनि आर्थिक वर्ष २०८२/८३ का लागि रु.८३७४०००/- भुक्तानी दिन बाँकी राखेको छ । यसरी एउटै योजनामा लगातार भुक्तानी दिन बाँकी राखेर चालु वर्षमा भुक्तानी दिंदा चालु वर्षको कार्यक्रम सञ्चालनमा बजेट अभाव हुने र नियमित कार्य सञ्चालनमा समेत असर पर्ने देखिन्छ । उक्त दायित्व विगत वर्षहरु देखि नैं सदैं आएको पालिकाले जनाएको छ । कार्यालयले चालु वर्षमैं सम्पादन हुने र चालु वर्षको बजेटबाट भुक्तानी दिन सकिने योजना तथा कार्यक्रम मात्र तयार गर्नुपर्दछ साथै चालु वर्षका योजना तथा कार्यक्रमको खर्च चालु वर्षको बजेट बाटै भुक्तानी गरेर आगामी वर्षको बजेटमा व्ययभार पर्नेगरी दायित्व सिर्जना गर्नुहुँदैन भने विगत वर्षहरुमा भएको खर्चको समयमै भुक्तानी दिएर निरन्तर रुपमा भुक्तानी दिन बाँकी दायित्व सिर्जना गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

योजनाको विवरण	गत वर्षको भुक्तानी दिन बाँकी	आर्थिक वर्ष २०८२/८३ को लागि भुक्तानी दिन बाँकीको विवरणमा समावेश गरेको
मोदी गाउँपालिकाको प्रशासकीय भवन निर्माण	६६००००००	५९७४०००
वडा नं २ वडा कार्यालय भवन निर्माण	२४०००००	२४०००००
जम्मा	**६८४०००००**	**८३७४०००**

२८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिनभित्र खर्च प्रमाणित गर्न आवस्यक बील भरपाई र कागजात सहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सातदिनभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । साथै सोही नियमावलीको नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।पालिकाको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म. ले.प.फा.नं. २११ अनुसार गत वर्षसम्मको पेश्की रु.४६०९४८३०.३४ बाँकी देखिएको छ भने यस वर्षको म्याद नाघेको पेश्की रु.१३५१२००.०० म्याद ननाघेको पेश्की रु.९३७५००.०० समेत कुल पेश्की रु.४८३८३५३०.३४/- बाँकी देखिएको छ । म्याद नाघेको र ननाघेको पेश्कीको एकीकृत अभिलेख व्यवस्थित गरी यस वर्ष म्याद नाघेको पेश्की रु.१३५१२००.००/- नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु..

पेश्कीलिनेको नाम	चालुआवको		गत आवको	जम्मा
	म्याद ननाघेको	म्याद नाघेको		
कार्यालयसहायक नगेन्द्र सुवेदी	०.००	०.००	३५०००.००	३५०००.००
अधिकृतछैठौं प्रकाश चन्द्र सुवेदी	०.००	०.००	७८०००.००	७८०००.००
अधिकृतछैठौं प्रकाश चन्द्र सुवेदी	०.००	०.००	७००००.००	७००००.००
अधिकृतछैठौं प्रकाश चन्द्र सुवेदी	०.००	०.००	२८०००४.००	२८०००४.००
अधिकृतछैठौं प्रकाश चन्द्र सुवेदी	०.००	०.००	९५०००.००	९५०००.००
जनस्वास्थ्य निरीक्षक प्रकाश सुवेदी	०.००	०.००	२५००००.००	२५००००.००
हलुकासवारी चालक रुद्र बहादुर के.सी	०.००	०.००	३००००.००	३००००.००
हलुका सवारी चालक राजेन्द्र क्षेत्री	०.००	०.००	३५०००.००	३५०००.००
सहायकपाँचौ मनोज नेपाली	०.००	१२००.००	०.००	१२००.००
सहायकपाँचौ यामबहादुर मेधासी	०.००	१०००००.००	०.००	१०००००.००
अपारनिर्माण सेवा	०.००	०.००	११२५०००.००	११२५०००.००
कंडेलनिर्माण सेवा	०.००	१२५००००.००	०.००	१२५००००.००
सिक्सब्रदर्श कन्स्ट्रक्सन	९३७५००.००	०.००	०.००	९३७५००.००
खुर्कोटयूवा क्लब पर्वत	०.००	०.००	२०९१२५.००	२०९१२५.००
खुर्कोटयूवा क्लब पर्वत	०.००	०.००	१३४८६२.००	१३४८६२.००
गैरसरकारी संस्था महासंघ नेपाल	०.००	०.००	१५०००.००	१५०००.००
ग्लोरीकम्प्युटर वर्ल्ड	०.००	०.००	४००००.००	४००००.००
जनप्रकाशआधारभूत विधालय	०.००	०.००	१५००००.००	१५००००.००
जि.एण्डजि मिडिया प्रा.लि	०.००	०.००	४०००००.००	४०००००.००
टिप्पणीआदेशमा संलग्न मोदी स्थित विद्यालयहरु	०.००	०.००	५०४०००.००	५०४०००.००
तिलहरयुवा क्लव	०.००	०.००	५००००.००	५००००.००
नेपालविद्युत प्राधिकरण ,पर्वत वितरण केन्द्र पर्वत	०.००	०.००	७०००००.००	७०००००.००
नेपालविद्युत प्राधिकरण ,पर्वत वितरण केन्द्र पर्वत	०.००	०.००	८९०५४०.३४	८९०५४०.३४
नेपालविद्युत प्राधिकरण ,पर्वत वितरण केन्द्र पर्वत	०.००	०.००	६११४६०.००	६११४६०.००
मिदासटेक्नोलोजिज प्रा.लि.	०.००	०.००	७०००००.००	७०००००.००
मोदीब्याडमिन्टन संघ	०.००	०.००	२४५०००.००	२४५०००.००
श्रीजन आदर्श आधारभुत विद्यालय	०.००	०.००	१४००००.००	१४००००.००
श्रीनवजागृत मा. वि.	०.००	०.००	२०००००.००	२०००००.००
श्रीनवजागृत मा. वि.	०.००	०.००	३००००००.००	३००००००.००
श्रीनवजागृत मा.वि.	०.००	०.००	३६०००००.००	३६०००००.००
श्रीनवजागृत मा.वि.	०.००	०.००	१४३१०००.००	१४३१०००.००
श्रीनवजागृत मा.वि.	०.००	०.००	६५४३०००.००	६५४३०००.००

श्रीनवजागृत मा.वि.	०.००	०.००	२०२६०००.००	२०२६०००.००
श्रीनवजागृत मा.वि.	०.००	०.००	१८९००००.००	१८९००००.००
श्रीनवजागृत मा.वि.	०.००	०.००	९७५२०००.००	९७५२०००.००
श्रीनवजागृत मा.वि.	०.००	०.००	३३५८०००.००	३३५८०००.००
श्रीनवजागृत मा.वि.	०.००	०.००	११५००००.००	११५००००.००
श्रीनवजागृत मा.वि.	०.००	०.००	१७६९०००.००	१७६९०००.००
श्रीनवजागृत मा.वि.	०.००	०.००	२०८१०००.००	२०८१०००.००
श्रीपशुपती मा.बि.	०.००	०.००	३०००००.००	३०००००.००
२नं वडा कार्यालय निर्माण	०.००	०.००	१००००००.००	१००००००.००
खोलाखेततरकारी पकेट विकास केन्द्र	०.००	०.००	६००००.००	६००००.००
घुरुङ्गसेरास्टील टष्ट	०.००	०.००	८८६७८.००	८८६७८.००
जनजागरणटोल विकास संस्था	०.००	०.००	३९५८५.००	३९५८५.००
जेष्ठनागरिक भवन अधुरो काम सम्पन्न	०.००	०.००	६००००.००	६००००.००
दलितलक्षित कार्यक्रम	०.००	०.००	२५०००.००	२५०००.००
पातिखोलासिंचाइ मर्मत	०.००	०.००	१३२०००.००	१३२०००.००
पातिचौरटोल विकास संस्था	०.००	०.००	५००००.००	५००००.००
मोदी-१ मठमन्दीर संरक्षण	०.००	०.००	१२००००.००	१२००००.००
राम्जाठाँटि गोतामेथर मोटरबाटो निर्माण	०.००	०.००	२०००००.००	२०००००.००
सुरक्षितमातृत्व आमा समुह भवन सौचालय निर्माण	०.००	०.००	४००००.००	४००००.००
आशिषके.सी	०.००	०.००	१००००.००	१००००.००
गायत्रीचपाई	०.००	०.००	१०००००.००	१०००००.००
जङ्गबहादुर पुन मगर	०.००	०.००	४५५७६.००	४५५७६.००
राजनलामिछाने	०.००	०.००	५००००.००	५००००.००
राजेन्द्रक्षेत्री	०.००	०.००	३५०००.००	३५०००.००
राजेन्द्रक्षेत्री	०.००	०.००	१५०००.००	१५०००.००
राजेन्द्रक्षेत्री	०.००	०.००	३५०००.००	३५०००.००
विकासशर्मा	०.००	०.००	१६०००.००	१६०००.००
विमलप्रसाद शर्मा	०.००	०.००	७५०००.००	७५०००.००
सुरेशकु. क्षेत्री	०.००	०.००	१००००.००	१००००.००
जम्मा	९३७५००.००	१३५१२००.००	४६०९४८३०.३४	४८३८३५३०.३४

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१०४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **३५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	१३,५१,२००

२९ **आयोजना हस्तान्तरण**

सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट रु.१६०८४०२५/- खर्च गरी ८० वटा आयोजनाहरु सम्पन्न गरेकोमा नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको छैन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकी लगानी खेर जानसक्ने देखिन्छ । अत: सबै सम्पन्न आयोजनाहरु समयमै हस्तान्तरण गरि उचित रेखदेख तथा मर्मत सम्भार हुने व्यवस्था गर्नुपर्दछ ।

३० **मोटरबाटो सरसफाई र स्तरोन्नती**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (१) मा उपभोक्ता समिति वा लाभग्राही समुह सहभागी गराई निर्माण कार्यको खरिद गर्न सक्ने र दफा ४४ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता गुणस्तरीयता वा दिगोपना अभिवृदि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा समिति वा लाभग्राही समुदायलाई तोकिएबमोजिम कार्याविधि पुरा गरी त्यस्तो कार्य गर्न वा सेवा लिन सकिने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, ऐक्साभेटर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीब्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न सकिने छैन तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्यमा प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई मात्र मेशिन प्रयोग गर्न सकिने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउन सकिने छैन भनी उल्लेख भएतापनि यस पालिकाले पालिका पुँजीगत बाट उपभोक्ता समिति मार्फत देहाय अनुसारका योजना सञ्चालन गर्दा उपभोक्ता समितिले कुनैपनि कार्य नगरी योजनाको शत प्रतिशत काम डोजर/एक्साभेटर प्रयोग गरेको बिजक पेश गरेको आधारमा रु.११६०३३५/- भुक्तानी गरेको छ । यस्ता योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन

गरेता पनि योजनानको शत प्रतिशत काम हेभी इक्यूपमेन्ट प्रयोग गरी निर्माण व्यवसायीबाट गराएकोले स्थानीय स्तरमा कुनै रोजगारी सिर्जना भएको र स्थानीय स्रोत साधनको समेत उपयोग भएको देखिएन । अत: यस्ता योजना सञ्चालनमा सबै काम हेभी इक्वीपमेन्टबाट गराउने पर्ने भएमा उपभोक्ता समितिको उपादेयता समेत नदेखिएकोले यस्ता किसिमका योजनाहरु सञ्चालन गर्दा सार्बजनिक खरिद कानूनमा भएको व्यवस्था अनुसार खरिद प्रक्रियाको अबलम्बन गरि प्रतिष्पर्धाबाट न्यून लागतमा सञ्चालन गर्नु उपयुक्त हुने देखिन्छ । उपभोक्ता समिति मार्फत सञ्चालन गरिएको तर योजनाको काममा शत प्रतिशत काम हेभि ईक्युपमेन्ट प्रयोग गरेको बिल पेश गरि बिल बमोजिमको रकम भुक्तानी गरेको अनियमित देखिएको रु.

गो भौ नं.र मिति	योजनाको नाम	योजनाकोमूल्याङ्कन रकम	कन्टेन्जेन्सी कटाई भुक्तानी रकम	निर्माणव्यवसायीले पेश गरेको बिल अनुसारको रकम	बिजक पेश भएकोनिर्माण व्यवसायी
१७९-२०८१/०८/२७	विपद व्यावस्थापन उ.स.वडा नम्बर १	२२०४५०	२०५१८६	२२०४५०	
१९-२०८१/०६/२३	देउराली मोटरबाटो सरसफाई उ.स.	२१४७२०	१९२१५४	२१४३३५	प्रअ कन्स्ट्रक्सन सेवा उद्योग (६००१४५५६१)
५७-२०८१/११/२०	आकस्मिक सडक सरसफाई मर्मत तथा सम्भार उ.स.	२१७४३५	१९५०००	२२२३३१	प्रअ कन्स्ट्रक्सन सेवा उद्योग (६००१४५५६१)
७५-२०८१/१२/१७	आकस्मिक सडक सरसफाई मर्मत तथा सम्भार उ.स. वडा नम्बर ८	२१४६७०	१९५०००	२१७५३४	प्रअ कन्स्ट्रक्सन सेवा उद्योग (६००१४५५६१)
९०-२०८२/०२/०२	गिज्यान गडतारा मोटरबाटो सरसफाई उ.स.	१९८९९१	१७७९९५	१९७९७२	देउपुरकोट निर्माण सेवा (११३३५०४२)
९२-२०८२/०२/०८	विपद व्यावस्थापन समिति मोदी १	२१५०४०	१९५०००	२६०८२०	कृपेश कृस्मा कन्स्ट्रक्सन (११३३५०४२)
	जम्मा		**११६०३३५**		

अनियमित भएको	११,६०,३३५

३१ फरक बिलभर्पाई

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ (९) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले थामर्जुङ्ग टोल विकास संस्था वडा नम्बर ६ मा मोटरबाटो निर्माण उपभोक्ता समितिले रु.१००००००/- र पालिकाले रु.१५०००००/- ब्यहोर्नेगरी रु.२५०००००/- को योजना संचालन गर्न पालिका र टोलबिकास संस्थाबिच मिति २०८०/१०/१४ मा सम्झौता भएको छ । उक्त योजनाको साझेदारीको रकम टोल विकास संस्थाले पालिकामा नगदै बुझाएको र कार्यसम्पादनका आधारमा पालिकाले विभिन्न मितिमा देहाय अनुसार रु.२५०००००/- भुक्तानी गरेकोमा उपभोक्ता समितिले पेश गरेको प्रमाण कागजातमा डोर हाजिरमा काम गर्ने कामदारहरु धेरै र फरक ब्यक्तिको नामावली भएता पनि ज्याला रकम बुझिलिएको भर्पाई महलमा अधिकांशमा एकै ब्यक्तिको हस्ताक्षर मिल्ने देखिने सहि गरेको तथा एउटै कामको डोर हाजिरमा पनि एउटै ब्यक्तिको फरक पानामा फरक सहि गरेको पाईएकोले पेश भएका प्रमाण कागजातका सम्बन्धमा विश्वस्त हुने अबस्था देखिएन । उपभोक्ता समितिले पेश गरेको डोर हाजिरको ४ वटा पानामा ५७ जना श्रमिक कामदारको विभिन्न मितिमा काम गरेको रु.११५९९००/- ज्याला भुक्तानीको डोर हाजिर पेश गरेकोमा यस्तो व्यहोरा देखिएको छ । यस पालिकाबाट सञ्चालित अन्य योजनाहरुमा यस प्रकारको अबस्था रहे नरहेको र सोको यथार्थता सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ

। यसरी उपभोक्ता समिति मार्फत सञ्चालित योजनाका श्रमिक कामदारहरु फरक ब्यक्तिको नाममा एउटै ब्यक्तिको हस्ताक्षर मिल्ने सहि रहेको प्रमाण कागजातका सम्बन्धमा पालिकाले यथार्थता एकिन गरि भुक्तानी भएको रकम रु.११५९९००/- नियमित गर्नुपर्ने रु.

सि.नं.	भौचर नम्बर र मिति	सम्पादितयोजनाको नाम र उपभोक्ता समिति	भुक्तानी रकम	डोर हाजिरको रकम
१	२४-२०८१/०३/०९	थमार्जुङ्ग टोल विकास संस्था वडा नम्बर ६ मा मोटरबाटो निर्माण उपभोक्ता समिति	१००००००	११५९९००
२	३५६-२०८१/०३/०९	थमार्जुङ्ग टोल विकास संस्था वडा नम्बर ६ मा मोटरबाटो निर्माण उपभोक्ता समिति	५०००००	
३	४१३-२०८१/०३/२४	थमार्जुङ्ग टोल विकास संस्था वडा नम्बर ६ मा मोटरबाटो निर्माण उपभोक्ता समिति	५०००००	
४	०४-२०८१/०६/२२	थमार्जुङ्ग टोल विकास संस्था वडा नम्बर ६ मा मोटरबाटो निर्माण उपभोक्ता समिति	५०००००	
		जम्मा	**२५०००००**	**११५९९००**

अनियमित भएको	११,५९,९००

३२ **ठाना समुदायमा खानेपानी परियोजनाको बढी भुक्तानी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष उपभोक्ता समिति, नेपाल रेडक्रस सोसाईटी, वास र पालिकाको त्रिपक्षीय सम्झौता अनुसार त्रिपक्षीय योगदानमा सञ्चालन हुने देहाय अनुसारका खानेपानी योजनाको कार्यसम्पन्न भएको जनाई पालिकाको योगदान रु.१००००००/- नेपाल रेडक्रस सोसाईटी, वासलाई भुक्तानी गरेकोमा योजनाको कुल लागत अनुमान भन्दा कमको कार्यसम्पन्न पेश भएकोमा पालिकाले भुक्तानी दिनुपर्ने अनुपातको सबै रकम भुक्तानी दिएको छ । योजनाको कुल लागत अनुमान भन्दा कमको कार्य सम्पन्न भएको अबस्थामा पालिकाले ब्यहोर्ने रकम पनि आनुपातिक रुपमा घटी हुनुपर्नेमा कुल लागतमा पालिकाले ब्यहोर्ने सबै रकम भुक्तानी दिंदा उपभोक्ता समिति र नेपाल रेडक्रस सोसाईटी, वासले ब्यहोर्नुपर्ने भन्दा कम लागत ब्यहोरेको र पालिकाले बढी लागत ब्यहोरेको देखियो । अत: योजनाको लागत अनुमान बराबरको पुरै कार्य सम्पन्न नैं नभई पालिकाको योगदान बराबरको पुरै रकम भक्तानी दिन नमिल्ने देखिंदा बढी भुक्तानी भएको रकम रु.८२७०४५/- नेपाल रेडक्रस सोसाईटी, वासबाट असुल गर्नुपर्ने रु..

भौचर नम्बर र मिति	योजनाको नाम	उपभोक्ता समितिको योगदान	पालिकाको योगदान	Redcross को योगदान	योजनाको जम्मा लागत	कार्यसम्पन्न रकम	भुक्तानी दिनुपर्ने रकम
१४४-२०८२/०३/२१	वडा नम्बर ६ ठाना समुदायको ८२ घरधुरीहरुमा खानेपानी परियोजना सञ्चालन	८३३४७२०	२४५९४२६	२८६९३२९	१३६६३४७५	१००८५९२	१८१५४७
	जम्मा	**८३३४७२०**	**२४५९४२६**	**२८६९३२९**	**१३६६३४७५**	**१००८५९२**	**१८१५४७**

असुल गर्नुपर्ने	८,२७,०४५

३३ हातधुने स्टेसन निर्माण

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष नवचेतना सामुदायिक विकास केन्द्र र श्री क्याङ वालवालिका मैत्री हातधुने स्टेशन निर्माण उपभोक्ता समिति बिच मिति २०७९/६/२५ मा भएको सम्झौता अनुसार जनचेतना सामुदायिक विकास केन्द्रले रु.४१२२५/- र मोदी गाउँपालिका वडा नम्बर ४ ले रु.३६९१५/- भुक्तानी गरी जम्मा रु.७८१५०/- को सम्झौता भएको र पालिका/वडासँग कुनै सम्झौता भएको छैन । उक्त कार्यको लागत अनुमान तयार गरेको छैन भने नापी किताब, निर्माण कार्यको बिल र कार्यसम्पन्न प्रतिवेदन तयार नगरी कामको विवरण नखुलाएको रु.३८४००/- को डोर हाजिर मात्र पेश गरेर पालिकाले हातधुने स्टेशन निर्माण उपभोक्ता समितिलाई रु.३५०००/- भुक्तानी दिएको छ । अत: उक्त योजनाको कुल लागत रु.७८१५०/- मा जनचेतना सामुदायिक विकास केन्द्रले व्यहोर्ने रु.४१२२५/- मध्ये कुनै लागत नब्यहोरेको र कामको लागत अनुमान, नापी किताव, बिल तथा कार्यसम्पन्न पेश नभएका कारण उक्त योजनाको कार्य भएको नदेखिंदा हातधुने स्टेशन निर्माण उपभोक्ता समितिलाई भुक्तानी भएको रकम रु.३५०००/- असुल गर्नुपर्ने रु..

असुल गर्नुपर्ने	३५,०००

३४ उपभोक्ता समिति मार्फत सञ्चालित योजनामा लागत सहभागिता

उपभोक्ता समिति गठन, परिचालन तथा ब्यबस्थापन सम्बन्धी कार्यबिधि, २०७५ को बुँदा नम्बर ६ मा उपभोक्ता समितिसँगको साझेदारीमा सञ्चालन गरिने सबैजसो योजनाहरुमा कुल लागतको कम्तीमा १० प्रतिशत उपभोक्ता समितिले ब्यहोर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत सडक, पैदल मार्ग, भवन निर्माण, खानेपानी, सिंचाई लगायतका क्षेत्रमा ८० वटा योजनाहरु सञ्चालन गरि रु.१६०८४०२५/- खर्च लेखेको छ । यसरी उपभोक्ता समिति मार्फत सञ्चालित सबैजसो योजनाहरुमा पालिकाको तर्फबाट ब्यहोरिने रकमको ४ प्रतिशत कन्टेन्जेन्सी कट्टा गर्ने र सो मध्ये २.५ प्रतिशत पालिकाले राख्ने र १.५ प्रतिशत उपभोक्तालाई नैं भुक्तानी दिने गरेको छ । यस सम्बन्धमा मिति २०७८/०४/१५ को कार्यपालिकाले उपभोक्ता समितिबाट सञ्चालन हुने योजनामा उपभोक्ता समितिको यातायात, बैठक लगायत ब्यबस्थापन खर्चको लागी बिलभर्पाइको आधारमा कन्टेन्जेन्सी रकम मध्ये १.५ प्रतिशत रकम उपभोक्ता समितलाइ उपलब्ध गराउने निर्णय गरेको आधारमा उपभोक्तालाई कन्टेन्जेन्सी भुक्तानी दिने गरिएको पालिकाले जनाएको छ । उपभोक्ता समितिले कम्तीमा १० प्रतिशत योगदान ब्यहोर्ने गरी सम्झौता गरिएका योजनाहरुमा कन्टेन्जेन्सीको रुपमा १.५ प्रतिशत रकम उपभोक्ता समितिलाई नैं फिर्ता दिंदा योजनाको कुल लागतमा उपभोक्ता समितिले ८.५ प्रतिशत मात्र योगदान गरेको देखिन आउँछ । यसरी उपभोक्ता समितिलाई भुक्तानी दिएको १.५ प्रतिशत कन्टेन्जेन्सीको रकम योजनाको मूख्य काममा खर्च नभई खाजा, खाना, बैठक भत्ता, स्टाम्प प्याड खरिद, ब्यानर खरिद, सूचना पाटी निर्माण लगायत चालु प्रकृतिको खर्च गरेको बिल पेश गर्ने गरेको पाईयो । पालिका भित्रको विकास निर्माण कार्यको लागी छुट्याईएको रकमबाट उपभोक्ता समितिको ब्यबस्थापन खर्च ब्यहोरेको मनासिव देखिएन । योजनाको रकम उपभोक्ता समिति मार्फत यसरी खर्च गर्दा तोकिएको ब्यबस्था अनुसारको लागत सहभागिताको अनुपात मिलेको, खर्च भएको रकमको सदुपयोग भएको, सञ्चालित योजना समयमै सम्पन्न भएको तथा सम्पन्न योजनाको काममा गुणस्तर कायम भएको सम्बन्धमा पालिका एकिन हुनु पर्दछ । उपभोक्ता समिति मार्फत सञ्चालित यस्ता योजनाहरुको केहि उदाहरण देहाय अनुसार रहेका छन्:

गो.भो.नं. र मिति	योजना/उपभोक्ता समितिको नाम	लागत अनुमान	पालिकाले ब्यहोर्ने रकम	कार्य सम्पन्न रकम	२.५ प्रतिशत कन्टेन्जेन्सी (पालिकाले कट्टा गर्ने)	१.५ प्रतिशत कन्टेन्जेन्सी (उपभोक्ता समितिलाई नै भुक्तानी दिने)	जम्मा भुक्तानी रकम
१५-२०८१/०६/२३	अल्लो तथा जडिबुटी ब्यबस्थापन केन्द्र निर्माण उ.स.	७५८७०९	७०००००	७५९१७७	१७५००	१०५००	६८२५००
१८-२०८१/०६/२३	न्याउले मन्दिर पहिरो ब्यबस्थापन समिति उ.स.	२७०४७७	२५००००	२७११३३	६२५०	३७५०	२४३७५०
३५-२०८१/०८/२६	चौलेबर सामुदायिक भवन निर्माण उ.स.	६५१०५७	६०००००	६५२०९९	१५०००	९०००	५८५०००
३६-२०८१/०८/२६	दिपज्योती युवा भवन ग्राउण्ड निर्माण उ.स.	१०५७२८२	९५००००	१०४५२८२	२३७५०	१४२००	९२६२५०
४४-२०८१/०९/२६	कुँबर टोल खत्रीटोल निर्माण उ.स.	१०५७२८२	९५००००	१०४५२८२	२३७५०	१४२००	९२६२५०
९०-२०८२/०२/०२	गिज्यान गाडतारा मोटरबाटो निर्माण उ.स.	२६८९५६	२५००००	१९८९९१	६२५०	३७५०	१७७९९५

३५ उपभोक्ता समिति मार्फत सञ्चालित योजना

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा मात्र त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत सञ्चालन गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (१) मा सार्बजनिक निकायले खरिदको लागी आबश्यक बजेट ब्यबस्था नभई खरिद कारबाही शुरु गर्नुहुँदैन भन्ने प्राबधान रहेको छ । गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । यस पालिकाबाट यो वर्ष उपभोक्ता समिति मार्फत सञ्चालित ८० वटा योजना सञ्चालन गरी रु.१६०८४०२४/- भुक्तानी गरेको छ । उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु मध्ये केहि योजनाहरु सोही आर्थिक वर्षमै सम्पादन गर्नेगरी अबधि तोकेर उपभोक्ता समितिसँग सम्झौता भएतापनि सम्झौतामा तोकिएको अबधि भन्दा दुइसय प्रतिशत भन्दा बढी अबधि पछि मात्र सम्पादन भएका र चालु वर्षमा उपभोक्ता समितबाट सम्पदित कामको भुक्तानी दिन बाँकी रकम आगामी वर्षमा दायित्व सारेर समेत भुक्तानी दिने गरेको छ । यसरी चालु आर्थिक वर्षमा सम्पदान गर्ने गरि अबधि तोकेर सम्झौता भएका योजनाहरु सो आर्थिक वर्षमा सम्पादन नगरी पछिल्ला वर्षहरुमा सम्पादन गर्दा चालु आर्थिक वर्षको दायित्व आगामी वर्षमा सर्दै जाने र सम्बन्धित वर्षका चालु योजना सञ्चालनमा समेत असर पर्ने देखिन्छ । यसरी सञ्चालित योजनाहरुमा सम्झौता गर्दाका बखत नैं उपभोक्ता समितिलाई पेश्की दिने र चालु वर्षमा दिएको पेश्की पछिल्ला आर्थिक वर्षहरुमा फस्र्योट गर्दै जाने गरेको छ । उपभोक्ता समितिमार्फत योजना सञ्चालन गर्दा कुनै धरौटी तथा बैंक ग्यारेन्टी राख्ने कानूनी ब्यबस्था नरहेका कारण कुनै ग्यारेन्टी नराखी पेश्की दिएर लामो समयसम्म फस्र्योट नगर्दा पेश्की समेत जोखिममा पर्ने देखियो । अत: स्रोत सुनिश्चित भएपछि मात्र योजना सम्झौता गर्ने र सम्झौतामा तोकिएको अबधिमै योजना सम्पादन गरेर आगामी वर्षमा दायित्व सार्ने तथा पेश्की भुक्तानी दिएर लामो समयसम्म फस्र्योट बाँकी राख्ने परिपाटिको अन्त्य गर्नुपर्दछ । यसका केही उदाहरुणहरु देहाय अनुसार रहेका छन्:

योजनाको नाम	लागत अनुमान	सम्झौता मिति	कार्सम्पन्न गर्नुपर्ने मिति	पेश्की रकम
वडा नम्बर २ को कार्यालय भवन निर्माण	४३०५१६७	६६०२९	२०८१/०२/३०	१००००००
वडा नम्बर ८ को कार्यालय भवन निर्माण	७४६८०८२	६५९९२	२०८१/०२/३०	१०५००००
जम्मा				**२०५००००**

३६ **उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्य**

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा मात्र त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत सञ्चालन गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । यस पालिकाले यो वर्ष पालिका पुँजीगतबाट देहाय अनुसारका सरकारी भवन निर्माण सम्बन्धी कार्य उपभोक्ता समिति मार्फत गरी रु.७९६४६२५/- भुक्तानी गरेर उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने र उक्त कार्यबाट हुने लाभ हानीमा उपभोक्ताले सहभागिता जाउनु नपर्ने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराएको छ । यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत कार्य गराएको अनियमित देखिएको रु.

गो भौ नं.र मिति	योजनाको नाम	भुक्तानी रकम
४-२०८१/०६/ २२	वडा नम्बर १ को भवन निर्माण उपभोक्ता समिति	२००००००
४१५-२०८१/०३/ २४	वडा नम्बर २ को भवन निर्माण उपभोक्ता समिति	६०००००
२०-२०८१/०६/२३	वडा नम्बर २ को भवन निर्माण उपभोक्ता समिति	६०००००
२८-2081/ ०८/ १८	वडा नम्बर १ को भवन निर्माण उपभोक्ता समिति	५०००००
३९-2081/ ०८/ २८	वडा कार्यालयको घेराबार सहित गेट निर्माउपभोक्ता समिति	२६४६२५
१६४-२०८२/०३/ २३	वडा नम्बर ८ को भवन निर्माण उपभोक्ता समिति	४००००००
	जम्मा	**७९६४६२५**

अनियमित भएको	७९,६४,६२५

३७ **उपभोक्ता समितिको पेश्की**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४५ (१) मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतका दरले व्याज समेत लगाई असुल गरिने व्यवस्था रहेको छ र नियम ४५ (३) मा पेश्की फस्र्यौट नगरेमा कार्यालयले पेश्की फस्यौट नगर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीको नाम सार्वजनिक गरी व्याजसहित सरकारी बाँकी सरह असुल गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले देहाय अनुसारका उपभोक्ता समिति मार्फत योजना सञ्चालन गर्दा लागत अनुमान बनाई सम्झौता गरेर देहाय अनुसारको पेश्की सम्झौतामा तोकिएको म्याद समाप्त भैसक्दा पनि फस्र्यौट हुन बाँकी रहेको छ । उपभोक्ता समिति मार्फत सञ्चालित योजनाको पेश्की भुक्तानी गर्दा कुनै धरौटी तथा बैंक ग्यारेन्टी राख्नुपर्ने अनिबार्य नभएका कारण कुनै सुरक्षण बेगर दिएको पेश्की सम्झौतामा तोकिएको म्याद समाप्त भएको करीब २१ महिना बितिसक्दा पनि हालसम्म फस्र्यौट नभएकोले जोखिममा परेको पेश्की रु.१००००००/- उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

योजना/उपभोक्ता समितिको नाम	सम्झौता मिति	कार्यसम्पन्न गर्नुपर्ने मिति	पेश्की बाँकी
वडा नम्बर २ कार्यालय भवन निर्माण उपभोक्ता समिति	२०८०/ १०/ १०	२०८१/०२/३०	१००००००

असुल गर्नुपर्ने	१०,००,०००

३८ प्राकृतिक श्रोतको आय

स्थनीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२.घ.६) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका ढुङ्गा, गिट्टी, बालूवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदी प्राकृतिक एवं खानीजन्य बस्तुको बिक्री तथा निकासी शुल्क तथा दस्तुर संकलन गर्न सक्ने ब्यबस्था गरेको छ । त्यसैगरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ (३) मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची १ मा उल्लेखित कर तथा गैरकर लगाउन र उठाउन पाउने व्यवस्था रहेको छ । सोही ऐनको अनुसूची ४ मा नेपाल सरकार, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहबिच प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड सम्बन्धमा व्यवस्था गरेको छ । पालिकाले यो वर्ष प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनको लागी IEE प्रतिवेदनबाट १० वटा घाटबाट नदिजन्य श्रोत उत्खनन् गर्न अनुमति दिएकोमा यो वर्ष ३ वटा घाटको आय ठेक्काबाट ११३९४ घनमिटर नदिजन्य पदार्थको रु.४१४८२३०/- राजश्व संकलन गरेको पालिकाले जनाएको छ । पालिका भित्रका विकास निर्माण कार्यका योजनाहरुमा ढुँगा गिट्टी बालुवा लगायतका प्राकृतिक श्रोत समावेश गरी लागत अनुमान बनाउँदा ढुँगा गिट्टी बालुवा लगायतका प्राकृतिक श्रोतको खरिद मूल्य समावेश हुने तर पालिकाले प्राकृतिक श्रोतको उत्खनन् तथा प्रयोगमा कुनै राजश्व असुल नगर्नाले एकातर्फ पालिकाको आफ्नै क्षेत्र भित्रको प्राकृतिक श्रोतबाट हुने आन्तरिक आय गुमेको छ भने अर्को तर्फ आफ्नै पालिका भित्रको निर्माण कार्यमा पालिका भित्रकै ढुँगा गिट्टी बालुवा लगायतका प्राकृतिक श्रोतको मूल्य तिरेर खरिद गर्नु परेको छ । त्यसैगरी प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनमा राजश्व असुल नगर्दा नेपाल सरकार तथा प्रदेश सरकारको समेत राजश्व बाँडफाँडबाट प्राप्त हुने आय गुमेको अबस्था छ । अत: यस पालिकाले आफ्नो क्षेत्रभित्रका नदीजन्य प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनमा आय ठेक्का समेतबाट राजश्व प्राप्त गर्ने ब्यबस्था गर्नुपर्दछ ।

३९ कोसेली तथा सौगातघर संचालनको ऋण

मोदी गाउँपालिकाको कोसेली तथा सौगातघर संचालनको लागी मिति २०७५ मा मोदी गाउँपालिका वडा नम्बर ४ बस्ने चन्द्र बि.क. ले यस पालिकाबाट लिएको ऋण रु.४००००००/- हालसम्म पालिकामा फिर्ता नगरेकोले र प्रचलित कानुन बमोजिमको व्याज समेत गरी असुल गर्ने प्रयोजनको लागी उद्यम विकास समितिको मिति २०८१/१२/२० गतेको बैठकको निर्णय अनुसार सिफारिस भई आएको मोदी कोसेली तथा सौगातघरमा रहेका सामग्रीहरुको कुल मुल्याङ्कन रु.४४४२१८/- मा एकमुष्ट बीस प्रतिशत ह्रासकट्टी घटाई हुन आउने रकम रु.३५५३७४/- लाई बिक्री मुल्य कायम गरी प्रचलित कानुन बमोजिम लिलाम गरी सोवापत प्राप्त हुने रकम मोदी गाउँपालिकाबाट कोसेलीघर संचालनको लागी लिएको ऋण वापतको रु.४००००००/- र सोको २०८१ चैत्र मसान्त सम्मको व्याजसमेत गरी हुन आउने कुल रु.५००००००/- बाट कट्टी गरी बाँकी रकम संचालकबाट सरकारी बाँकी सरह असुल उपर गर्ने सम्बन्धमा यस गाउँपालिकाको को कार्यपालिकाको निर्णयको हालसम्म कार्यान्वयन भएको छैन । अत: यस गाउँपालिकाको कार्यपालिकाले गरेको निर्णय अनुसार कोसेली तथा सौगातघर संचालनको लागि दिएको ऋणको २०८१ चैत्र मसान्तसम्मको ब्याज सहित हुने रु.५००००००/- कोसेली घरका सञ्चालकबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने रु..

असुल गर्नुपर्ने	५,००,०००

४० व्यवसाय स्थापना र सञ्चालन कर्जा

मोदी गाउँपालिका युवा उद्यम कार्यक्रम अन्तर्गत यस कार्यालयबाट तपशिल बमोजिमका उद्यमीहरुले विभिन्न मितिमा व्यावसाय स्थापना वा संचालनको लागी गाउँपालिकाबाट व्याज नलाग्ने गरी लिएको र हालसम्म चुक्ता नभएको कर्जावापतको रकम सम्बन्धित व्यक्तिबाट प्रचलित ऐन नियमको अधिनमा रही सरकारी बाँकी सरह असुल उपर गर्नेगरी यस गाउँपालिकाको कार्यपालिकाले गरेको निर्णय कार्यान्वयनमा आएको छैन । अत: यस गाउँपालिकाको कार्यपालिकाले गरेको निर्णय अनुसार देहाय अनुसारका उद्यमीहरुले यस पालिकाबाट लिएको कर्जा रु.१५००००००/- कर्जाको सम्बन्धित उद्यमीहरुबाट प्रचलित ऐन नियमको अधिनमा रहि सरकारी बाँकी सरह असुल उपर गर्ने रु..

क्र.सं.	उद्यमीको नामथर	ठेगाना	व्यावसायको प्रकार	असुल गर्नुपर्ने कर्जा रकम
१	श्री मनोज के सी	मोदी ६	बाख्रापालन फर्म	५०००००
२	श्री गणेश पुन मगर	मोदी ४	वैशाली कृषी सहकारी	५०००००
३	श्री लोक बहादुर क्षेत्री	मोदी ८	नमस्ते चित्रे पञ्चासे कृषी फर्म	५०००००
			जम्मा	**१५०००००**

असुल गर्नुपर्ने	१५,००,०००

४१ **नदिजन्य पदार्थ बढी उत्खननको राजश्व**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **५८,४२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४२ **आय ठेक्का नलगाएको**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ (च) मा पालिकाले आफ्नो क्षेत्र भित्रको वातावरणिय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परीक्षणबाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, वालुवा, विक्रीवापत प्राप्त रकम पालिकाले संचितकोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुङ्गा, गिट्टी, वालुवा उत्खन्न संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ मा सम्बन्धित स्थानिय तहले दोस्रो पक्षसँग ढुङ्गा, गिट्टि बालुवा, उत्खनन् ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम खोलाहरुको घाटबाट ३०४१० घ.मी. मा जम्मा परिमाणको ६६ प्रतिशतले वार्षिक उत्खनन् परिमाण २००७० घ.मि. को प्रति घनमिटर प्रदेश सरकारले तोकेको रु.३१७.८३२३ का दरले हुने रु.७३७८८९४ वार्षिक रुपमा नदिजन्य उत्खनन् बाट राजश्व प्राप्त गर्न सकिने देखिन्छ । प्रारम्भिक वातावरणीय परीक्षणबाट नदीजन्य पदार्थ उत्खनन् गर्न मिल्ने जनाएका घाटहरुको समयमै आय ठेक्का नलगाउँदा एकतर्फ पालिकाको आन्तरिक आय गुमेको छ भने अर्को तर्फ उक्त घाटहरुबाट अनधिकृत रुपमा उत्खनन् तथा चोरी निकासी हुने सम्भाबना समेत रहन्छ । उक्त घाटहरुबाट आय ठेक्का नलगाएको साथै पालिकाले अमानतबाट समेत राजस्व संकलन नगरेको जनाएको छ । उक्त घाटहरुको आय ठेक्का लगाउन सूचना प्रकाशन गर्दा पनि कुनै निवदेन नपरेको कारण आय ठेक्का नलागेको पालिकाले जनाएको छ । पालिकाले समयमै ठेक्का लागाई राजस्व संकलन गर्नेतर्फ थप पहल गर्नुपर्ने देखिन्छ ।

सि.नं.	घाटको नाम	IEE बाट निकाल्न मिल्नेदेखिएको परीमाण(घन मिटर)	बार्षिक उत्खनन् परीमाण (६६ प्रतिशत)
१	टाडीको पुच्छर बगर	८०००	५२८०
२	गडेरी खोलाको पुच्छर बगर	१९२०	१२६७
३	रतिखोला (सिम्लेको ताल)	१४४००	९५०४
४	ज्यामिरे बगर	२२००	१४५२
५	धमिनि बगर	१३५०	८९१
६	पाउँदुर खेत बगर	१५४०	१०१६
७	टिमुरे बगर	१०००	६६०
	जम्मा	**३०४१०**	**२००७०**

४३ **राजश्व ब्यबस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ (६) मा कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको राजश्व रकमको अनिबार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ भने नगदै बुझिलिएको राजश्व दैनिक रुपमा राजश्व खातामा जम्मा गरि बैंक दाखिला विवरणमा प्रबिष्ट गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको आर्थिक विवरण अनुसार यस पालिकाको आन्तरिक आय यो वर्ष रु.५६७९०२९/- रहेको छ । यस कार्यालयले आफ्नो अधिकार क्षेत्रभित्र रहेर पालिका र वडाहरुबाट कर, शुल्क, दण्ड, जरिवाना तथा रोयल्टी लगायतका क्षेत्रबाट राजश्व संकलन गर्ने गरेकोमा दहत्तर बहत्तरबाट प्राप्त हुने राजश्व विद्युत आपुर्ती अबरुद्ध भएको र आकस्मिक अबस्थामा संकलन गर्न छापिएका रसिद काट्ने गरेको र अन्य प्रयोजनमा सुत्र प्रणालीबाट रसिद प्रिन्ट गरी जारी गर्ने गरेको कार्यालयले जनाएको छ । कार्यालयले वडा कार्यालयहरुमा पठाएको राजश्व रसिदको विवरण पेश नगरेकोमा वडा कार्यालयहरुमा छापिएका रसिद प्रयोग नहुने र सुत्र प्रणालीबाट नैं राजश्व व्यवस्थापन हुने पालिकाले जनाएको छ । पालिकाले यो वर्ष नयाँ राजश्व रसिद नछापिएको र गत विगत वर्षमा छापिएको रसिदको मौज्दात बाँकी यो वर्ष प्रयोग गरिएको जनाएको छ । विगत वर्षमा के कति रसिद छापिएका थिए र के कति रसिद काटेर के कति राजश्व संकलन भएको हो सो सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ । अत: कार्यालयले राजश्व संकलन गर्न छापिएका रसिद ठेलिहरुको मौज्दात एकिन गरी नियन्त्रण खातामा प्रविष्टि गेरर मात्र रसिद ठेली उपलब्ध गराउनु पर्दछ भने संकलित राजश्व समयमै बैंक दाखिला गरी राजश्व ब्यबस्थापन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

४४ **राजश्व व्यवस्थापन**

पालिकाको आन्तरिक आय तर्फ देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन्:

४४.१ **कर तथा शुल्क असुली:** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः

शीर्षक	प्रस्तावित आय	वास्तविक आय	आय प्रतिशत
सम्पती कर	८०००००	९२६६	१.१६
भुमिकर/ मालपोत	१००००००	९६०८०२	९६.०८
वहाल कर	८०००००	१०८०२२५	१३५.०३
व्यवसायले भुक्तानी गर्ने	२००००	३५३८८	१७६.९४
व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने	५०००	०	०.००
कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	१५०००	९००	६.००
अन्य कर	५०००	७३५२८	१४७०.५६
सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१०००	०	०.००
अन्य बिक्रीबाट प्राप्त रकम	१००००	०	०.००
न्यायिक दस्तूर	४०००	४८००	१२०.००
शिक्षा क्षेत्रको आम्दानी	६००००	८५००	१४.१७
अन्य प्रशासनिक सेवा शुल्क	७०००००	४७७०००	६८.१४
नक्सापास दस्तुर	१०००००	१४३५२	१४.३५
सिफारिश दस्तुर	२००००००	१४४१५५३	७२.०८
व्यक्तिगत घटना दर्ता दस्तुर	५०००००	४९८६४२	९९.७३
नाता प्रमाणित दस्तुर	२०००००	१२५६०१	६२.८०
अन्य दस्तुर	७०००००	६३५३३८	९०.७६
व्यावसाय रजिष्ट्रेशन दस्तुर	१०००००	१६१७४५	१६१.७५
जलस्रोत सम्बन्धी अन्य दस्तुर	१००००	१०००	१०.००
अन्य क्षेत्रको आय	६०००	०	०.००
प्रशासनिक दण्ड, जरिवाना र जफत	१०००००	०	०.००
अन्य राजस्व	३२६८०८९९	१२५०३९	०.३८
व्यवसाय कर	१०००००	६२५०	६.२५
बेरूजू	१०००००	१९१००	१९.१०
जम्मा	**४००१६८९९**	**५६७९०२९**	**१४.१९**

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित हुन नसक्दा असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्रका करदाताहरुको पहिचान गरेर अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

४४.२ **आन्तरिक आय र खर्चको विश्लेषण** : पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ।

क्र.सं.	आर्थिक वर्ष	आन्तरिक आय	पालिकाको जम्मा खर्च	आयको तुलनामा खर्चको प्रतिशत
१	२०८१/०८२	५६७९०२९	४६८३४३७५४	८२४६.८९

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.४६८३४३७५४/- रहेको छ भने आन्तरिक आय रु.५६७९०२९/- गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको ८२४६.८९ प्रतिशत बढी हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय ज्यादै न्यून रहेको देखिन्छ । अत: पालिकाले खर्चको तुलनामा आन्तरिक आय बृद्धि गर्दै प्रदेश तथा संघीय अनुदानको निर्भरता कम गर्नु पर्दछ ।

४४.३ कर संकलनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ ५७ ५८ र ५९ मा गाउँपालिका तथा गाउँपालिकाले एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्षको आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ:

आय शीर्षक	अनुमान	असुली (अल्या सहित)	असुली प्रतिशत
आन्तरिक आय	४००१६८९९	५६७९०२९	१४.१९

उपरोक्त विवरण अनुसार पालिकाले आन्तरिक आयको अनुमान रु.४००१६८९९/- गरेकोमा अनुमानको तुलनामा १४.१९ प्रतिशत अर्थात रु.५६७९०२९/- आन्तरिक आय संकलन गरेको देखिन्छ । अतः पालिकाले आम्दानीका सम्भावित क्षेत्रहरु पहिचान गरी आन्तरिक आयको अनुमानलाई यथार्थपरक र अध्यावधिक बनाई सोही अनुसार राजस्व संकलन गरेर संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउन आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४५ **एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा प्रत्येक गाउँपालिका तथा नगरपालिकामा एक स्थानीय संचित कोष रहने र पालिकाले विभिन्न श्रोतबाट प्राप्त गरेको रकम उक्त कोषमा रहने उल्लेख छ । त्यसैगरी गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को ५१ (५) मा कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकमको आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने उल्लेख छ । यस पालिकाले विरामीलाई ओसारपसार गर्ने प्रयोजनका लागि एक एम्बुलेन्स सञ्चालन गरेको र उक्त एम्बुलेन्स सञ्चालनबाट प्राप्त भएको आम्दानी खर्चको व्यवस्थापनको लागि कुनै कोष स्थापना गरेको छैन । यसरी एम्बुलेन्स सञ्चालन गर्दा मर्मत, ईन्धन, सवारी चालकको तलव सुविधा लगायतमा वार्षिक रुपमा खर्च हुने गर्दछ । यस पालिकाले एम्बुलेन्स सञ्चालन गरेकोमा एम्बुलेन्सको भाडा प्राप्त गर्दा रसिद काट्ने वा के कसरी शुल्क प्राप्त गर्ने र के कसरी भाडा आम्दानी बाँध्ने गरेको सो सम्बन्धमा स्पष्ट हुने विवरण नराखी आर्थिक वर्ष २०८१/८२ मा वर्षभरिमा भाडा बापत रु.२५१६००/- आम्दानी भएको जनाएको छ । यस्तो आम्दानी एम्बुलेन्सको सबारी चालकले बुझाए अनुसारको रकम भएको पालिकाले जनाएको छ । उक्त आम्दानी रकमको सम्बन्धमा एम्बुलेन्स सञ्चालन कार्यबिधि तयार नगरेको तथा दुरी अनुसार भाडा दर कायम नगरेकोले एम्बुलेन्स सञ्चालनबाट प्राप्त वार्षिक आम्दानी यथार्थपरक भए नभएको सम्बन्धमा एकिन हुन सकिएन । पालिकाले एम्बुलेन्सको भाडा दर निर्धारण गरि रसिद जारी गरेर उक्त रसिदबाट प्राप्त आम्दानी समयमै बैंक दाखिला गरि आम्दानी खर्चको यथार्थ र पारदर्शी हिसाव राख्नु पर्दछ ।

४६ **नदीजन्य पदार्थको राजस्व**

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २७ (२) मा दाखिला गर्नुपर्ने रकम दसदिनभन्दा ढिला गरेमा दस प्रतिशतका दरले जिरवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । पालिकाको आर्थिक वर्ष २०८१/०८२ को

निम्नानुसार नदीजन्य पदार्थ आयकर ठेक्काका ठेकेदारले सम्झौता अनुसार दाखिला गर्नुपर्ने राजस्वको ५० प्रतिशत रकम सम्झौता गर्दाकै बखतमा दाखिला गरेकोमा बाँकी ५० प्रतिशत रकम सम्झौता अनुसारको म्यादमा दाखिला नगरी देहाय अनुसार ढिला दाखिला गरेकोले १० प्रतिशतले हुने जरिवाना रु.२१५२४१/- सम्बन्धित ठेकेदारसँग असुल गरी दाखिला गर्नुपर्ने रु..

ठेक्काको विवरण	ठेकेदार	कबुल अंक	५० प्रतिशत रकम	सम्झौता अनुसार दाखिला गर्नुपर्ने मिति	दाखिला गरेको मिति	रकम	दस प्रतिशतले हुने जरिवाना
०१/०८१/०८२ (रिदिखोला बगर)	सिक्स ब्रदर्स कन्स्ट्रक्सन (६१२४०९०६४)	८५४२८०	४२७१४०	२०८२ जेष्ठ मसान्त	०३/ १८/ २०८२	४२७१४०	४२७१४
०४/०८१/०८२ (आम्बोट बगर)	देउपुर कोट निर्माण सेवा (११३३५७०४२)	६०४५५०	३८०५७५	२०८२ जेष्ठ मसान्त	०३/ २२/ २०८२	३८०५७५	३८०५७
आखेतको पुछ्र बगर	न्यू पंचासे निर्माण सेवा	२६८९४००	१३४४७००	२०८२ जेष्ठ मसान्त	०३/ १८/ २०८२	१३४४७००	१३४४७०
						जम्मा	**२१५२४१**

असुल गर्नुपर्ने	२,१५,२४१

४७ **आय ठेक्काको अग्रिम कर**

आयकर ऐन, २०५८ को दफा ८८ (३) मा श्रोतमा कर कट्टी गर्ने व्यवस्था छ । पालिकाको आर्थिक वर्ष २०८१/०८२ को निम्नानुसार ठेक्कामा कट्टी गरेको आयकर रु.४३७८५/- पालिकाको विभाज्य खातामा जम्मा गरेको छ । विभाज्य कोषमा जम्मा गरेको अग्रिम आयकर वापतको रकम अग्रिम कर (११११९) दाखिला गर्नुपर्ने रु..

ठेक्काको विवरण	ठेकेदार	अग्रिम कर वापतको रकम
आम्बोट बगर	देउपुर कोट निर्माण सेवा (११३३५७०४२)	८०८५
आखेतको पुछ्र बगर	न्यू पंचासे निर्माण सेवा	३५७००
	जम्मा	**४३७८५**

असुल गर्नुपर्ने	४३,७८५

४८ **दुधमा अनुदान कार्यक्रम** (79-2081-07-14):

पालिकाले पशु आहारा खरिदमा अनुदान सहयोग कार्यक्रम मार्फत दुध उत्पादन व्यवसायमा पशु आहारा खरिद तथा व्यवस्थापनमा लाग्ने लागतलाई अनुदानको माध्यमबाट घटाउने उद्येश्यका साथ कृषकलाई डेरी व्यवसायमा प्रोत्साहन गर्ने उद्येशयले पशु आहारा खरिदमा अनुदान सहयोग कार्यक्रम कार्यविधि-२०८१ जारी गरी छनौट भएका सहकारी संस्था मार्फत किसानलाई दुधमा प्रति लिटर रु.५/- का दरले अनुदान दिने व्यवस्था गरेको छ । यस कार्यक्रममा पालिकाले गत वर्षको भुक्तानी दिन बाँकी अन्तर्गत मोदिखोला बहुउद्येश्यिय सहकारी संस्थालाई रु.४७३१२५/- भुक्तानी गरेको छ । सहकारीले दुधको अनुदान वापत भुक्तानी गर्नुपर्ने रकम छुट्टै खाता नखोलेको कारण सहकारीको खातामा जम्मा भएको अनुदान रकम मध्ये कति रकम सम्बन्धित दुध उत्पादक किसानलाई भुक्तानी भयो र कति रकम सहकारीकै खातामा मौज्दात रहेको छ सो सम्बन्धमा स्पष्ट हुन सक्ने आधार भएन । दुधमा अनुदान दिएको रकम किसानहरुलाई बितरण गरेर बाँकी रहेको रकम पालिकाको संचित कोषमा फिर्ता गर्ने समेत आधार भएन । पालिकाले सहकारी मार्फत अनुदान दिएको रकम किसानले प्राप्त नगरी सहकारीकै खातामा रहेको अवस्थामा उक्त बाँकी रकम पालिकाले फिर्ता प्राप्त गर्ने व्यवस्थाका लागि पालिकाको स्वीकृति बेगर खाता खोल्न बन्द गर्न र सञ्चालन गर्न नमिल्ने एउटा छुट्टै खाता (Parking Account) को व्यवस्था हुनुपर्दछ । उक्त खातामा पालिकाले दुधमा उपलब्ध गराउने अनुदानको रकम मात्र जम्मा गर्ने तर सहकारीको अन्य कारोबार सो खाताबाट गर्न नमिल्ने व्यवस्था हुनु पर्दछ र किसानलाई अनुदान दिएर बाँकी रहेको रकम पालिकाको संचित कोषमा फिर्ता हुने व्यवस्था गर्नुपर्दछ ।

४९ **कृषि तथा पशु तर्फ**

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४९.१ **अनुदान व्यवस्थापन:** पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि तथा पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छः

१	कृषि तर्फ	२७१४८८५
२	पशु तर्फ	५२६७००
	जम्मा	**३२४१५८५**

उपरोक्त विवरण अनुसार यस पालिकाले यो वर्ष कृषि पशु लगायतका क्षेत्रमा रु.३२४१५८५/- अनुदान वितरण गरेको छ । अनुदान वितरण पश्चात अनुगमन प्रभावकारी रुपमा गरी उपलब्धी मापन गरेको नगरेको सम्बन्धमा प्रतिवेदन पेश नगरेकोले अनुदानको सदुपयोग भएकोमा सम्बन्धमा आस्वस्त हुन सकिएन । अतः अनुदान वितरणसंगै अनुगमन संयन्त्र बलियो बनाई अनुदानको अपेक्षित रुपमा सदुपयोग भए नभएको एकिन गर्नु पर्दछ ।

४९.२ **कृषि तथा पशुमा अनुदान:** कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागी प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वियन निर्देशिका २०७३ को बुँदा नम्बर ७ मा अनुदान दिने सार्बजनिक निकायको जिम्मेबारी सम्बन्धी ब्यबस्था गरेको छ । निर्देशिकाको बुँदा नम्बर ७.२ मा अनुदानको कार्यान्वियन गर्न गराउन नियमित रुपमा सुपरीबेक्षण अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्बजनिक निकायको प्रमुखको कर्तब्य हुने उल्लेख छ । पालिकाले उपलब्ध गराएको सरकारी अनुदान रकमको वितरण सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा बृद्धि भए नभएको सम्बन्धमा प्रतिवेदन तयरा गरी पेश गर्नुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत सञ्चालित केही कार्यक्रमहरु देहाय अनुसार रहेका छन्।

सि.नं.	नाम	विषय	रकम
१	चुरिला अलैंची कृषि फर्म	कृषि(किवी पकेट विकास कार्यक्रम)	१५८९०४
२	मिलनशिल दलित कृषक समूह	कृषि(किवी पकेट विकास कार्यक्रम)	१०३६९६५
३	मोदीखोला बहुउदेश्यीय सहकारी संस्था लि.	कृषि (उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम)	५४२९२५
१	मोदी खोला बहुउदेश्यीय सहकारी सं. लि. मोदी २	डेरी प्रवर्द्धन कार्यक्रम(मिल्क क्यान डि फ्रिज)	४७१२००
२	प्रशान्त बहुउदेश्यीय कृषि तथा पशुपक्षीं फर्म मोदी ५	डेरी प्रवर्द्धन कार्यक्रम(डि फ्रिज)	१८५००
३	के.सि. कृषि तथा पशुपक्षीं फर्म मोदी ५	डेरी प्रवर्द्धन कार्यक्रम(डि फ्रिज)	१८५००
४	गौतम पशु पालन तथा एकीकृत कृषि फर्म मोदी २	डेरी प्रवर्द्धन कार्यक्रम(डि फ्रिज)	१८५००

पालिकाले अनुदान वितरण पश्चातको उपलब्धी मापन गरेको छैन । अनुदानट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना-साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत बृद्धि नगर्ने हुँदा ठूला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित बनाउनु पर्दछ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ । साथै कृषि तथा पशु सम्बन्धी केही कार्यक्रमहरु बिनालागत सहभागीतामा सञ्चालन भएमा अनिवार्य लागत सहभागिता गराएर कृषकको स्वामित्व कायम गराई अनुदानको प्रभावकारी उपयोग गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५० **मिनि टिलर अनुदान** (465-2081-12-12):

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेखनु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको ३६ (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले किसानले मिनिटिलर खरिद गरी पेश गरको बिलको आधारमा प्रति किसान २००००/- दरले २० जना किसानलाई रु.४०००००/- भुक्तानी गरेको छ । यसरी खरिद गरेका मिनिटिलरको खरिद पूर्व स्पेसिफिकेसन बनाएको छैन भने खरिद गरिएका मिनिटिलरको ब्रान्ड, मोडल, स्पेशिफिकेसन समेत नखुलाउनुका साथै खरिद कार्य स्वीकार गर्नुपूर्व प्राविधिक परीक्षण गरि प्रतिवेदन समेत तयार गरेको छैन । साथै ती सामाग्रीको ग्यारेन्टी तथा वारेन्टीको समयावधि खुल्ने र सो अवधिमा विक्रेताबाट लिनु पर्ने जडान, मर्मत लगायतका सेवा सुविधाका सम्बन्धमा कुनै प्रमाण कागजात संलग्न नगरेकोले खरिद भएका मिनिटिलरको गुणस्तर सम्बन्धमा स्पष्ट हुने आधार देखिएन । यस्ता उपकरणहरुको गुणस्तर कायम भएको, लक्ष्यित वर्गले प्राप्त गरेको र कृषि कार्यमा उपयोग भएको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ । अत: खरिद भएका मिनिटिलरको गुणस्तर सम्बन्धमा जिम्मेबार पक्षबाट अनुगमन गरी प्राविधिक पुष्टयाईं लिएर स्वीकार्य भएपछि मात्र त्यस्ता सामाग्री खरिद गरेर भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

५१ **आलु प्रवर्द्धन कार्यक्रम**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७(छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध स्रोत साधन तथा सम्पत्तीको समुचित उपयोग भएको र सम्पत्ती हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम सञ्चालन तथा कार्यान्वियन गर्ने कार्यविधि तयार नगरी यो वर्ष रु.२१०२७५/- खर्च गरी वडा नं ४ क्याङमा बाँझो जग्गामा ५०० के.जी. आलुको बिउ रोपण गरी ७०० के.जी. उत्पादन गरेको विवरण पेश गरेको छ । यस कार्यक्रमबाट यस आर्थिक बर्षमा कुनै आय आर्जन भएको देखिएन भने रोपिएका आलुको बीउको तुलनामा उत्पादन परिमाण अत्यन्त न्यून रहेको देखिन्छ । पालिकाको आन्तरिक आय न्युन रहेको अवस्थामा पर्याप्त मात्रामा लाभ लागत विश्लेषण गरी स्पष्ट कार्यविधि तयार गरेर मात्र यस्ता कार्यक्रममा खर्च गर्नु पर्दछ ।

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७(छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध स्रोत साधन तथा सम्पत्तीको समुचित उपयोग भएको र सम्पत्ती हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम सञ्चालन तथा कार्यान्वियन गर्ने कार्यविधि तयार नगरी यो वर्ष रु.२१०२७५/- खर्च गरी वडा नं ४ क्याङमा बाँझो जग्गामा ५०० के.जी. आलुको बिउ रोपण गरी ७०० के.जी. उत्पादन गरेको विवरण पेश गरेको छ । यस कार्यक्रमबाट यस आर्थिक बर्षमा कुनै आय आर्जन भएको देखिएन भने रोपिएका आलुको बीउको तुलनामा उत्पादन परिमाण अत्यन्त न्यून रहेको देखिन्छ । पालिकाको आन्तरिक आय न्युन रहेको अवस्थामा पर्याप्त मात्रामा लाभ लागत विश्लेषण गरी स्पष्ट कार्यविधि तयार गरेर मात्र यस्ता कार्यक्रममा खर्च गर्नु पर्दछ ।

५२ **बढी भुक्तानी**

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२२ (१) मा निर्माण ब्यबसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले भुक्तानीको लागि पेश गर्ने रनिङ्ग बिल वा अन्य कुनै बिल बिजक प्राप्त भएपछि नियम १२२ (२) अनुसार सार्बजनिक निकायले खरिद सम्झौतामा उल्लिखित प्रावधान बमोजिम भए नभएको जाँच गरेर नियम १२३ (१) मा भएको व्यवस्था अनुसार करारका सर्त र आधारहरु एकिन गरी भुक्तानी दिनुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले Tilahar Thamarjung Sadak मर्मत तथा स्तरोन्नती कार्य गर्न निर्माण व्यसायी प्रअ कन्स्ट्रक्सन (६००१४५५६१) संग ठेक्का नम्बर 04/2080-81 बाट मिति २०८२/०३/१६ सम्म कार्य सम्पन्न गर्ने गरी मुअकर तथा पिएस आईटम सहित रु.१८९१२६६/- को मिति २०८२/०१/३१ मा सम्झौता गरेको छ । उक्त ठेक्काको निर्माण व्यवसायीले मूअकर तथा पिएस आईटम सहित रु.१८१५९८१/- को ठेक्का बिल तथा बिजक पेश गरेकोमा गो.भौ.नं.१२४ मिति

२०८२/०३/१६ बाट रु.४२६४१७/- र गो.भौ.नं.२२ मिति २०८२/०३/१६ बाट रु.१४५२७८४/- गरी जम्मा रु.१८७९२०१/- भुक्तानी गरेकोले बिल बिजक भन्दा रु.६३२२० /- बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु..

असुल गर्नुपर्ने	६३,२२०

५३ **सम्भाव्यता अध्ययन/डि.पि.आर कार्यन्वयनको अवस्था**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले कार्य गर्न संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन अध्ययन प्रतिवेदनमा आर्थिक वर्ष २०८१/०८२ मा विस्तृत अध्ययन प्रतिवेदन कार्यमा रु.६३००००/- खर्च गरेको छ । यसरी खरिद गर्दा सो को आवश्यकता खरिदमा मितव्ययिता पालिकाकै जनशक्तिको परिचालन सम्बन्धमा पर्याप्त विश्लेषण गरेको पाईएन ।यस्ता सम्भाब्यता अध्ययन तथा डि.पि.आर. तयार गर्ने कार्यमा परामर्श सेवा खरिद गर्दा ती आयोजना एवं कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत ध्यान पुर्‍याएको पाईएन । प्रत्येक वर्ष डि.पि.आर तयार गर्ने तर प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता समेत नगर्दा यस्ता कार्यमा भएको खर्चबाट अपेक्षित उलब्धी हाँसिल हुने नदेखिंदा यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्ने सम्बन्धमा पालिकाले ध्यान पुर्याउनु पर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ मा परामर्श सेवा (डि.पि.आर.) वापत रु.६३००००/- भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ:

क्र.सं	आर्थिक वर्ष	कामको विवरण	परामर्शदाताको नाम	भुक्तानी रकम	योजना कार्यान्वयन हुन नसक्नुको कारण
१	०८१/०८२	रति सिचाई योजना डि.पि.आर.	Consulting service for social and infrastructural development (CSSID) pvt ,Ltd. ktm	२०००००	काम भएको
२	०८१/ ०८२	Detailed feasibility study of rati khola lift irrigation project of ward no .8	Global Engineering Associates Pvt,Ltd. ktm	४३००००	काम भएको

५४ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः कार्यालयले स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५५ **पूर्वनिर्धारित क्षतिपुर्ती** (632-2081-03-23):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१.ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद संझौता बमोजिमको काम सो संझौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वनजिक निकायलाई संझौता रकमको १० प्रतिशतमा नबढ्नेगरी प्रतिदिन सून्य दशमलब सून्य पाँच प्रतिशत पुर्व निर्धारित क्षितपूर्ती दिनुपर्ने र नियम १२१ (ग) मा पुर्वनिर्धारित क्षतिपुर्ती तिर्नुपर्ने अधिकतम समय अबधि भित्र पनि कार्य सम्पन्न नभएमा खरिद संझौता अन्त्य गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (ग) मा खरिद संझौता कार्यान्वियन गर्दा सारभुत त्रुटी गरेको वा संझौता अनुसारको दायित्व सारभुत रुपमा पालना नगरेको वा खरिद संझौता बमोजिमको कार्य सो संझौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा निर्माण व्यवसायीलाई निजको कार्यको गम्भिरताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राख्न सक्ने व्यवस्था समेत रहेको छ । यस पालिकाले Sopre Khanepani Yojana को निर्माण

कार्य गर्न निर्माण व्यसायी कालिगण्डकी निर्माण सेवा (६०८६३७५४७) संग ठेक्का नम्बर 12/MRM/NCB/Works/2078-079 बाट मिति २०७९/०३/२२ सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७९/०१/२२ मा मुअकर सहित रु.७०१३७७६/- को संझौता गरेर गो.भौ.नं.७६ मिति २०७९/०३/२५ मा रु.३८५९२७५/- र गो.भौ.नं.१२ मिति २०८०/०२/०३ मा रु.२०२०५१६/- गरी जम्मा रु.५८७९७९१/- भुक्तानी गरेकोमा संझौताको म्याद समाप्त भएको ४३ महिना र शुरु सम्झौता मितिबाट ५७ महिना ब्यतित हुँदा हालसम्म खरिद संझौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिव माफिकको कारण खुलाई म्याद थप गरेको छैन भने कुनै रनिङ्ग बिल समेत पेश भएको छैन । उक्त निर्माण कार्य खानेपानी पाईप, फिटिङ्गस तथा धारा जडानसँग सम्बन्धित भएको हुनाले खरिद तथा जडान भएका पाईप, फिटिङ्गस तथा अन्य जडान सामाग्रीको मौज्दात तथा अबस्थाको समेत पालिकाले एकिन गरी उचित संरक्षण गरेर सदुपयोग हुने ब्यबस्था गर्नुपर्दछ । यसरी निर्माण व्यवसायीले तोकिएको म्यादमा निर्माण कार्य सम्पन्न गर्न नसकेको कारण खानेपानी योजनाको निर्माण कार्य अधुरो रहेको तथा अलपत्र परेकाले सार्बजनिक खरिद कानूनका प्रावधान अनुसारका कारबाही अगाडी बढाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा भएको व्यवस्था अनुसार संझौता अंक रु.७०१३७७६/- को दैनिक शून्य दशमलब शून्य पाँच प्रतिशतमा दश प्रतिशत नबढ्नेगरी हुने रकम रु.७०१३७८/- निर्माण व्यबसायीबाट असुल गर्नुपर्ने रु..

असुल गर्नुपर्ने	७,०१,३७८

५६ सर्त सहितको पेश्की ग्यारेण्टी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम (३) मा उपनियम (१) बमोजिम पेश्की दिँदा आपूर्तिकर्ता/निर्माण व्यावसायी वा सेवा प्रदायकबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछी तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य बैङ्कबाट जारी भएको जमानत एवम् त्यस्तो बैङ्क जमानत विदेशी बैङ्कले जारी भए नेपालभित्रको वाणिज्य बैङ्कले प्रति प्रत्याभुति (काउण्टर ग्यारेन्टी) लिई पेश्की दिनुपर्ने र उपनियम (४)मा उपनियम (३) बमोजिम बैङ्क जमानतको मान्य अवधी खरिद सम्झौतामा उल्लेख भएको पेश्की फस्र्यौट गर्नुपर्ने अवधी भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधीको हुनुपर्ने उल्लेख छ । यस कार्यालयले Rati Sichai Nahar Nirman को कार्य गर्न निर्माण व्यसायी Six Brothers Construction (612409064) संग ठेक्का नम्बर 05/2081-82 बाट मिति २०८२/०८/२८ सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०८२/०३/०९ मा मुअकर तथा पिएस आईटम सहित रु.६४३६५११/- को संझौता गरेकोमा संझौताको ब्यबस्था अनुसार रु.१२५००००/- पेश्की रकम निर्माण ब्यबसायीलाई भुक्तानी दिएको छ । उक्त पेश्की रकमको Prabhu Bank Ltd. ले 23 June, 2025 मा जारी गरेको Advance Payment Guarentee Number: P19201A042548182 मा “It is a condition for any claim and payment under this guarantee to be made that the advance payment referred to above must have been received by the Principal on their account number 1920163276800011 maintained at Prabhu Bank Limited, Dimuwa Branch.” अर्थात निर्माण व्यवसायीको प्रभु बैंक लिमिटेडको डिमुवा शाखामा रहेको बैंक खाता नम्बर 1920163276800011 मा पेश्की बापत प्राप्त रकम जम्मा गरेको खण्डमा मात्र पेश्की रकमको ग्यारेण्टी दिन सकिने आशयको सर्त सहितको पेश्की ग्यारेण्टी पेश गरेको छ । उक्त पेश्की मध्येबाट रु.३१२५००/- फछ्र्यौट भै बाँकी रहेको रु.९३७५००/- पेश्कीको लागी 4 April, 2026 सम्मको Revised पेश्की जमानत राखेतापनि नयाँ पेश्की जमानतमा Other Terms and Conditions of Original Guarentee will Remain Unchanged उल्लेख गरेकोले नयाँ पेश्की जमानतमा पनि पेश्की सर्त कायम रहेको हुँदा मोदी गाउँपालिकाले ठेक्का नम्बर 05/2080-81 को लागि निर्माण व्यसायी Six Brothers Construction (612409064) लाई भुक्तानी दिएको पेश्की रु.९३७५००/- को कुनै सुरक्षा नभई पेश्की जोखिममा परेको देखियो । अत: पालिकाले निर्माण व्यसायीसँग सर्त बेगरको पेश्की ग्यारेण्टी माग गरी पेश गर्ने अन्यथा भुक्तानी दिएको पेश्की असुल गर्नुपर्ने रु..

प्रमाण पेश नगरेको	९,३७,५००

५७ बढी भुक्तानी

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२२ (१) मा निर्माण ब्यबसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले भुक्तानीको लागि पेश गर्ने रनिङ्ग बिल वा अन्य कुनै बिल बिजक प्राप्त भएपछि नियम १२२ (२) अनुसार सार्बजनिक निकायले खरिद सम्झौतामा उल्लिखित प्रावधान बमोजिम भए नभएको जाँच गरेर नियम १२३ (१) मा भएको व्यवस्था अनुसार करारका सर्त र

आधारहरु एकिन गरी भुक्तानी दिनुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले Ramja Aayurbed Ausadhalaya Construction कार्य गर्न निर्माण व्यसायी Apar Nirman Sewa संग ठेक्का नम्बर 07/2078-79 बाट मिति २०७९/०३/१५ सम्म कार्य सम्पन्न गर्ने गरी मुअकर तथा पिएस आईटम सहित रु.७५४०८२६/- को मिति २०७८/१२/११ मा सम्झौता गरेको छ । उक्त ठेक्काको निर्माण व्यवसायीले मूअकर तथा पिएस आईटम सहित दोश्रो रनिङ्ग बिलमा रु.२५८३६९२/- को ठेक्का बिल तथा बिजक पेश गरेकोमा गो.भौ.नं.१६५ मिति २०८२/०३/२३ बाट रु.११२५०००/- पेश्की कट्टा गरी बाँकी रु.१४५८६९२/- भुक्तानी दिनुपर्नेमा रु.१५५००००/- भुक्तानी गरेकोले बिल बिजक भन्दा रु.९१३०८/- बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु..

असुल गर्नुपर्ने	९१,३०८

५८ **दर्ता, सिफारिस तथा प्रमाणपत्र प्रणाली सञ्चालन खर्च**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **३६७,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५९ **स्वास्थ्य तर्फको दरबन्दी र पदपूर्ती**

पालिकामा आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको छ:

स्वास्थ्य संस्थाको किसिम	**स्वास्थ्य संस्थाको संख्या**	**दरबन्दी**	**पदपूर्ती**	**सेवाग्राहीको संख्या**	**औषधी वितरण रु.**
स्वास्थ्य केन्द्र/ चौकी	८	४८	४४	१८९३८	९७३२२५

उक्त विवरण अनुसार पालिकामा ८ स्वास्थ्य चौकीमा ५० जना दरबन्दी रहेकोमा स्वास्थ्य चौकिहरुमा ४६ जना कार्यरत रहेको देखियो । दरबन्दी अनुसारको पद रिक्त रहेको अबस्थामा सेवा प्रवाहमा असर नपरेको सम्बन्धमा पालिका एकिन हुनुपर्दछ ।

६० **औषधि खरिद र व्यवस्थापन**

६०.१ पालिकाले यस वर्ष बिरामीहरूको स्वास्थ्य उपचारको लागि रु.९११५२७/- को औषधी खरिद गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोराहरू देहाय अनुसार रहेका छन्:

- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. GMP सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मितिङ ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन (निशुल्क वितरण) भनी खुलाएको प्रमाण समावेश भएको छैन।
- आपूर्ति भएका औषधी स्टोर दाखिला हुनुअघि स्पेसिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

६०.२ पालिकाबाट प्राप्त विवरण अनुसार प्रदेश स्वास्थ आपूर्ति व्यवस्थापन केन्द्र तथा स्वास्थ सेवा विभागबाट आपूर्ति गरिएका औषधी मुल्य नखुलाई आपूर्ति गरिएको साथै म्याद भुक्तानी समय कम रहेका औषधी आपूर्ति गरिएको र मागको आधारमा आपूर्ति नगरिएको कारण औषधीको मुल्य खुलाउन नसकिएको पालिकाले जनाएको छ । मौज्दातको अवस्था हेरेर मात्र औषधी आपूर्ति गर्नुपर्नेमा पालिकाले अधिकतम् मौज्दात (ASL) र न्यूनतम् मौज्दात (EOP) हुनुपर्ने परिमाण नखुलाएकोले औषधी खरिद र आवश्यकता बारे एकिन हुन सकिएन । पालिकाले औषधीको खरिद आपूर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तथा तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए/नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरू जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६०.३ (331-2082-03-19):
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ३३१-२०८२/३/१९ बाट चिराग फार्मेसी प्रा.लि. बाट रु.९११५२७/- को औषधि खरिद गरेकोमा उक्त औषधी तोकिएबमोजिमको स्पेशिफिकेशन, गुणस्तर र मापदण्ड अनुसारको भए/नभएको सम्बन्धमा निरीक्षण तथा परीक्षण भएको नदेखिंदा खरिदबाट प्राप्त भएका औषधीको स्पेशिफिकेशन र गुणस्तर तथा मापदण्ड सम्बन्धमा परीक्षण प्रतिवेदन पेस हुनुपर्ने रु..

प्रमाण पेश नगरेको	९,११,५२७

६१ **दीर्घरोगी औषधी उपचार खर्च**

मृगौला प्रत्यारोपण गरेका¸ डायलाइसिस गरिरहेका¸ क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि¸ २०७८ को दफा २ग मा लक्षित समूहमा परेका औषधी उपचार गर्न नसक्ने गरिबीको परिचय पत्र वितरण गरेको जिल्लाको हकमा सो परिचय पत्रवाला तथा गरिबीको परिचय पत्र वितरण गरी नसकेको जिल्लाको हकमा विपन्न व्यक्ति वा स्थानीय तहबाट सिफारिस समिति गठन गरी पहिचान भएका विपन्न रहेको प्रमाणपत्र प्राप्त लाभग्राहीलाई दफा ३ बमोजिमका आवश्यक कागजात लिई मासिक पाँच हजार रुपैयाँको दरले लाभग्राहीको खातामा औषधी उपचार बापत खर्च दिने व्यवस्था गरेको छ। यस पालिकाले चिकित्सकको सिफारिस तथा बिरामीको निवेदन समेतको आधारमा ५२ जना लाभग्राहीहरूका लागि रु.५०००/- का दरले जम्मा रु.२०७००००/- उपलब्ध गराएको विवरण प्राप्त भएको छ । तर कार्यविधिमा तोकिएबमोजिम पालिकाबाट सिफारिस समिती गठन भई विपन्न पहिचान गरी प्रमाणपत्र प्रदान गरेको देखिदैन भने वडा कार्यालयबाट भएको सिफारिसमा समेत लाभग्राही व्यक्ति गरिब वा विपन्न भएको जनाउने स्पष्ट व्यहोरा खुलाउने गरेको पाईएन । यसबाट वास्तविक लाभग्राहीले उपचार बापत खर्च पाएको सम्बन्धमा विश्वस्त हुने आधार रहेन । अत: कार्यविधिमा भएको ब्यबस्था बमोजिम गरिब वा विपन्न लाभग्राहीले उपचार खर्च पाएको सुनिश्चित गर्नुपर्दछ।

६२ **मुख स्वास्थ्य परियोजना सञ्चालन**

पालिकाले आर्थिक वर्ष २०८१/०८२ मा पालिकाका विभिन्न वडाहरुमा जिभाय नेपाल पोखरासँग साझेदारीमा मुख स्वास्थ्य परियोजना सञ्चालन गर्नको लागि विभिन्न ११ वटा कृयाकलाप सञ्चालन गर्नेगरी रु.३३९४२२६/- को अनुमानित बजेट उल्लेख गरी सम्झौता गरेको छ । पालिकाले उक्त परियोजनाको लागि “विभिन्न सरकारी, गैह्र सरकारी संस्था उपभोक्ता समितिहरुसँग साझेदारी कार्यक्रम (गाउँपालिकाको तर्फबाट बढिमा ५० प्रतिशत साझेदारी हुनेगरी)” शीर्षकबाट यस वर्ष रु.३९६३८५/- खर्च लेखेको छ । यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएको छ :-

६२.१ पालिकाले आर्थिक वर्ष २०८१/०८२ मा पालिकाका विभिन्न वडाहरुमा मुख स्वास्थ्य परियोजना सञ्चालन गर्नको लागि जिभाय नेपाल पोखरासँग साझेदारीमा विभिन्न ११ वटा कृयाकलाप सञ्चालन गर्नेगरी रु.३३९४२२६/- को अनुमानित बजेट उल्लेख गरी सम्झौता भएकोमा उक्त संस्थासँग गरिएको सम्झौतामा पालिकाले र जिभाय नेपालले व्यहोर्ने खर्चको अंस उल्लेख गरेको छैन । सम्झौतामा खर्च व्यहोर्ने अंस उल्लेख नगरे पनि पालिकाले आफूले भुक्तानी गरेको खर्च विभिन्न सरकारी, गैह्र सरकारी संस्था उपभोक्ता समितिहरुसँग साझेदारी कार्यक्रम (गाउँपालिकाको तर्फबाट बढिमा ५० प्रतिशत साझेदारी हुनेगरी) शीर्षकबाट खर्च गरेको छ । साझेदारीबाट सञ्चालन गरिने योजनामा साझेदार पक्षहरुले व्यहोर्ने अंस स्पष्ट रुपमा छुट्याएर सम्झौता गर्नुपर्दछ ।

६२.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा कुनै बिल बीजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी गर्नुपर्ने उल्लेख छ । त्यसैगरी गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७९ को नियम ३६(५) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले मुख स्वास्थ्य परियोजनाको लागि जिभाय नेपालले मुख स्वास्थ्य शिक्षा, दन्त परीक्षण साथै स्क्रिनिङ्ग सम्बन्धी कार्यक्रम गर्नेगरी खटाएका

दन्त प्राविधिक र क्लिनिक सहयोगीको पारीश्रमिक वापत यस वर्ष निम्नानुसार गो.भौ.नं. बाट रु.३९६३८५/- खर्च लेखेको छ । सम्झौतामा उल्लेख भएका ११ वटा कृयाकलापमध्ये कर्मचारी व्यवस्थापनमा पालिकाले गरेको खर्चको मात्र विवरण उपलब्ध भएकोले बाँकी कृयाकलाप सञ्चालन भए/नभएको सम्बन्धमा एकिन गर्न सक्ने अवस्था भएन । पालिका र जिभाय नेपालले सञ्चालन गरेको कार्यक्रमको एकिकृत खर्चको विवरण सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा कार्यक्रममा उल्लेख भए अनुसार पालिकाले दन्त प्राविधिक र क्लिनिक सहयोगीको पारीश्रमिक वापत लेखेको खर्च रु.३९६३८५/- को ५० प्रतिशतले हुने रकम रु.१९८१९२/- जिभाय नेपालबाट असुल गर्नुपर्ने रु..

गो.भौ.नं.	रकम
४१६-२०८१/१२/०६	६७९९३
४४०-२०८१/१२/०९	६९०५१
६९८-२०८२/०३/१३	१४२३४१
७४१-२०८२/०३/१७	६६०००
७६६-/२०८२/३/१९	५१०००
जम्मा	**३९६३८५**

प्रमाण पेश नगरेको	१,९८,१९२

६३ **करार कर्मचारी**

यस पालिकाले यो वर्ष विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु.१८९०३४३०/- खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

६३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु.१८९०३४३०/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । ती बाहेक अन्य पदमा प्रदेश लोकसेवा आयोगमा माग गरी स्थायी पदपूर्ति गर्नुपर्नेमा यस पालिकाले माथि उल्लेखित पद बाहेकको करारमा राख्न नमिल्नेमा ईन्जिनियर, असिस्टेन्ट सव इन्जिनियर, अमिन लगायतका पदमा करार नियुक्ति गरी रु.2930582/- खर्च गरेको देखियो । दरवन्दि यकिन गरी स्थायी पदपूर्ती गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६३.२ **दरबन्दी बाहिरका करार कर्मचारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।पालिकाले दरबन्दी कायम नरहेका स्वास्थ्य तर्फका निम्नानुसार पदमा कर्मचारी राखी वर्षभरिमा रु.३३२७९१०/- खर्च लेखेको छ । दरबन्दी भन्दा बढी निम्नानुसार पदमा करार नियुक्त गरी भुक्तानी भएको पालिकाले नियमित नर्नुपर्ने रु..

पद	संख्या	वार्षिक तलवभुक्तानी
फार्मेसी सहायक	१	४६१४९०
ल्याबअसिस्टेन्ट	३	१२४९४५२
अ.हे. व.	२	८११७२६
अ.न.मि.	२	५४८२४२
कार्यालयसहयोगी	१	२५७०००
	जम्मा	**३३२७९१०**

अनियमित भएको	३३,२७,९१०

६४ **ईन्धन खर्च**

नेपाल सरकार अर्थ मन्त्रालयद्धारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष रु.१९३१८६३/- इन्धन शिर्षकमा खर्च लेखेको छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पालिकामा एम्बुलेन्स १ थान, पिकअप भ्यान १ थान, पिकअप भ्यान १ थान, स्कार्पियो १ थान, मोटरसाइकल ३२ थान र स्कुटर ३ थान रहेकोमा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी स्पष्ट अभिलेख राखेको छैन । जसले गर्दा इन्धन खर्चमा पालिकाले मितव्ययिता अपनाएको छ भन्ने सम्बन्धमा स्पष्ट हुन सकिएन । इन्धन खर्चलाई मितव्ययी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६५ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १८(१) मा भ्रमणमा खटिने पदाधिकारीले दैनिक भत्ता तथा भ्रमण खर्चको बिलसँग भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी सोही नियमावलीको नियम २१ मा भ्रमणमा खटिने कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभलेख राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारीको लागि भ्रमण खर्च शीर्षकबाट रु.2069709/- लेखेकोमा नियमावलीमा भएको व्यवस्था अनुरुप केहि कर्मचारी तथा पदाधिकारीको भ्रमण प्रतवेदन समेत संलग्न नहुने गरेको अबस्था छ । नियमावलीमा भएको व्यवस्थाको पालना गरी भ्रमण अभिलेख राखेर मात्र भ्रमण खर्च लेख्नेतर्फ कार्यालयले ध्यान पुर्याउनु पर्दछ । भ्रमण पश्चात अनिबार्य रुपमा भ्रमण प्रतिवेदन राख्ने ब्यबस्था गर्नुपर्दछ ।

६६ **सौर्य बत्ती जडान** (226-2081-09-22):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । त्यसैगरी गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७९ को नियम ३६ (५) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले गत वर्षको भुक्तानी दिन बाँकी अन्तर्गत पातिचौर बजार क्षेत्रमा सोलार पावर सहितको बत्ति जडान कार्यको लागि १२ सेट स्वप लाइट लगायत १० प्रकारका सामान खरिद गरी भिस्टा इन्जिनियरिङ्ग सेन्टर (११३४३७९७५) लाई रु.२९९५७४/- भक्तानी गरेको छ । खरिद भएका १२ सेट सौर्य बत्ती जडान भएको प्राविधिक मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छैन । खरिद भएका स्वौर्य बत्ती जडान भएको ब्यहोरा देखिने प्राविधिक पुष्ट्याई सहितको जडान प्रतिवेदन पेश गर्नुपर्ने रु..

प्रमाण पेश नगरेको	२,९९,५७४

६७ **बाँस निगाला सम्बन्धी तालिम कार्यक्रम** (231-2081-09-25):

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७९ को नियम ३६ (५) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । गत वर्ष २०८१/०१/२१ देखि जेष्ठ १९ सम्म संचालत भएको १५ दिने बाँस निगाला सामाग्री उत्पादन सम्बन्धी तालिम सञ्चालन गर्न अधिकृत सातौं सीता कुमारी शर्माले रु.२०००००/- पेश्की लिएकोमा रु.२९९८८८/- को बिल संलग्न गरी पेश्की फछर्यौट गरेको छ । उक्त कार्यक्रममा प्रयोग हुने हेण्ड स २ थान, चिसेल २ थान, ड्रिल मेसीन १ थान लगायत विभिन्न ३१ प्रकारका सामाग्री खरिद गरेको भानु मेशिनरी सप्लायर्सको बिल पेश भएको छ । खरिद गरिएका सामाग्री जिन्सी दाखिला नुहनुका साथै कति सामान तालिममा उपयोग भए र के कति सामाग्री बाँकी छन् र बाँकी भएका सामान के कस्तो अबस्थामा छन् सो खुल्ने कागजात संलग्न गरेको छैन । खरिद भएका सामान मध्ये तालिम सञ्चालनका क्रममा प्रयोग/नष्ट भएका सामानको एकिकृत विवरण तयार गरी बाँकी रहेका सामान जिन्सी दाखिला गरी सामानको संरक्षण गरेको प्रमाण पेश गर्नुपर्न रु..

प्रमाण पेश नगरेको	२,९९,८८८

६८ **सम्मान कार्यक्रम** (553-2082-01-16):

जेष्ठ नागरिक सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २०(२) मा नेपाल सरकारबाट वितरण गर्ने सामाजिक सुरक्षा भत्ता दोहोरो पर्नेगरी प्रदेश तथा स्थानीय तहबाट तत् तत् शीर्षकमा थप सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्न नमिल्ने उल्लेख छ । पालिकाले वडा नं ३ का सचिव राजु भुसालले आर्थिक वर्ष २०७९/८० मा जेष्ठ नागरिक, बालबालिका तथा अपाङ्गता सम्मान कार्यक्रम सञ्चालनको लागि लिएको पेश्की १५००००/- फछर्यौट गरेकोकोमा निजले ८ जना जेष्ठ नागरिक, २ जना एकल महिला, ७ जना अपाङ्ग तथा १७ जना बालबालिकालाई रकम वितरण गरेको कागजात पेश गरेको छ ।यसरी सामाजिक सुरक्षा ऐनमा भएको व्यवस्था भए बमोजिम दोहोरो पर्नेगरी भुक्तानी गरेको नियमसम्मत नभएको रु..

अनियमित भएको	१,५०,०००

६९ **सुन्तलामा अनुदान** (770-2082-03-22):

पालिकाले उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०८० जारी गरी सो मापदण्डका आधारमा छनौट भएको मोदीखोला वहुउद्येश्यिय सहकारी संस्था लिमिटेडसँग सम्झौता गरी रु.५४२९२५/- भुक्तानी गरेको छ । पालिकाले जारी गरेको मापदण्ड अनुसार उक्त सहकारी संस्थामा किसानले उत्पादन गरी बिक्री गरेको सुन्तलामा प्रति के.जी. ५० समर्थन मूल्य कायम गरी प्रति केजी समर्थन मूल्यको ५ प्रतिशत सहकारी संस्थालाई उपलब्ध गराउने र सो रकम सहकारी संस्थाले किसानलाई उपलब्ध गराउने व्यवस्था रहेको छ भने सहकारी संस्थालाई सञ्चालन खर्च वापत प्रोत्साहन अनुदान रकमको ५ प्रतिशत उपलब्ध गराउने व्यवस्था रहेको छ । मापदण्डमा भएको व्यवस्था अनुसार यस वर्ष पालिकाले मोदीखोला बहुउद्येश्यीय सहकारी संस्था लिमिटेडको खातामा निम्नानुसार रकम भुक्तानी गरेको छ ।

विवरण	**भुक्तानी रकम**
कृषकले उत्पादन गरेको सुन्तला २०६८४० को प्रति केजी ५० को ५ प्रतिशतले हुने रकम	५१७१००
सहकारीलाई उपलब्ध गराइएको सञ्चालन खर्च	२५८२५
जम्मा	**५४२९२५**

सहकारीले उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम अनुदान वापत भुक्तानी गर्नुपर्ने रकम छुट्टै खाता नखोलेको कारण सहकारीको खातामा जम्मा भएको अनुदान रकम मध्ये कति रकम सम्बन्धित किसानलाई भुक्तानी भयो र कति रकम सहकारीकै

खातामा मौज्दात रहेको छ सो सम्बन्धमा स्पष्ट हुन सक्ने आधार भएन । अनुदान दिएको रकम किसानहरुलाई बितरण गरेर बाँकी रहेको रकम पालिकाको संचित कोषमा फिर्ता गर्ने समेत आधार भएन । पालिकाले सहकारी मार्फत अनुदान दिएको रकम किसानले प्राप्त नगरी सहकारीकै खातामा रहेको अवस्थामा उक्त बाँकी रकम पालिकाले फिर्ता प्राप्त गर्ने व्यवस्थाका लागि पालिकाको स्वीकृति बेगर खाता खोल्न बन्द गर्न र सञ्चालन गर्न नमिल्ने एउटा छुट्टै खाता (Parking Account) को व्यवस्था हुनुपर्दछ । उक्त खातामा पालिकाले उपलब्ध गराउने अनुदानको रकम मात्र जम्मा गर्ने तर सहकारीको अन्य कारोबार सो खाताबाट गर्न नमिल्ने व्यवस्था हुनु पर्दछ र किसानलाई अनुदान दिएर बाँकी रहेको रकम पालिकाको संचित कोषमा फिर्ता हुने व्यवस्था गर्नुपर्दछ ।

७० **डकुमेन्ट्री निर्माण** (269-2081-10-06):

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७९ को नियम ३६ (५) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले परम्परागत गुरुङ्ग कला संस्कृति सम्बन्धि डकुमेन्ट्री निर्माण गर्न मुनाल फिल्म प्रालि (३०१९७४५२३) सँग सम्झौता गरी रु.४९२०००/- भुक्तानी गरेको छ । मुनाल फिल्म प्रा लि ले डकुमेन्ट्री तयार गरी पेश गरेको डिजिटल कपी संलग्न गरेको छैन भने सो डकुमेन्ट्रीको जिन्सी दाखिला समेत गरेको देखिएन । डकुमेन्ट्रीको डिजिटल कपी र जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु...

प्रमाण पेश नगरेको	४,९२,०००

७१ **कर्मचारी तालिम** (551-2082-01-16):

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७९ को नियम ३६ (५) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले मोदी गाउँपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत सहायक चौथो वा सो सरहभन्दा माथिल्लो तहमा कार्यरत कर्मचारी र कार्यपालिका सदस्यहरुलाई पालिका र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको सहकार्यमा २०८१/११/०९ देखि ११/११ सम्म होटेल एलो प्यागोडा पोखरा प्रा.लि. (६०९६५०१३०) मा क्षमता विकास अभिवृद्धि सम्बन्धि तालिम सञ्चालन गरेको टिप्पणीमा उल्लेख गरी उक्त होटललाई रु.२९३७९८/- भुक्तानी गरेकोमा २०८२/११/०९ को मात्र हाजिर संलग्न गरेको छ । तालिम सञ्चालन भएको दुवै दिनको प्रशिक्षक तथा सहभागीहरुको हाजिर पेश गरी खर्च पुष्टी गर्नुपर्ने रु..

प्रमाण पेश नगरेको	२,९३,७९८

७२ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकबाट वडा, स्वास्थ्य चौकी, विद्यालयका कार्यक्रमहरु तथा वडा कार्यालय र पालिकाको गरी विभिन्न प्रयोजनमा रु.२८९६८५४/- खर्च लेखेको छ । जसमध्ये खाना खाजा अतिथि सत्कार तथा होटलबास खर्चमा रु.१७९१७५४/- खर्च गरेको छ । कार्यालयले उपलब्ध बजेटलाई कार्यक्रम बनाई सोही अनुसार खर्च गरेर यस्ता प्रकृतिका खर्चमा न्यूनीकरण गर्नुपर्दछ ।

७३ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र उपत्यका तथा तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ:

क्र.सं.	विद्यालय	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक / विद्यार्थी अनुपात
१	श्रीभुक देउराली मा.वि.	१४	८४	१:६
२	श्री नवज्योतिथम मा.वि.	१५	१४६	१:१०
३	श्री झिलिबराङ आ.वि.	७	६९	१:१०
४	श्री सिद्धआ.वि.	४	०	
५	श्री भवानी आ.वि.	७	५२	१:७
६	श्री जनप्रिय आ.वि.	३	२८	१:९
७	श्री जननेत्र मा.वि.	१७	२१७	१:१३
८	श्री पशुपति आ.वि.	९	३५	१:४
९	श्री आदर्श आ.वि.	३	२३	१:८
१०	श्रीप्रभावकारी आ.वि.	३	३०	१:१०
११	श्री शिव आ.वि.	२	१८	१:९
१५	श्री सिद्धेश्वर आ.वि.	२	१३	१:७
१३	श्री हिमालय मा.वि.	१४	१११	१:८
१४	श्री विद्याज्योती आ.वि.	४	३९	१:१०
१५	श्री लाङ्दी आ.वि.	३	३२	१:११
१६	श्री जनज्योती आ.वि.	३	३९	१:१३
१७	श्री जनकल्याण आ.वि.	२	१६	१:८
१८	श्री घुरुङ्गा आ.वि.	१	८	१:८
१९	श्री लेस्पार मा.वि.	१३	८४	१:६
२०	श्री क्याङकर्बकिली आ.वि.	८	७४	१:९
२१	श्री खुईजरी आ.वि.	७	५३	१:८
२२	श्री हलहले आ.वि.	७	५१	१:७
२३	श्री महेन्द्र शिखरी मा.वि.	१७	१४१	१:८
२४	श्री सरस्वती मा.वि.	१६	२१७	१:१४
२५	श्री जन आदर्श आ.वि.	८	३८	१:५
२६	श्री विश्वशान्ती आ.वि.	४	३५	१:९

२७	श्री सिद्धार्थ आ.वि.	४	४२	१:११
२८	श्री कृष्ण आ.वि.	१	७	१:७
२९	श्री मनकामना आ.वि.	१	९	१:९
३०	श्री वालज्योती सा.आ.वि.	२	१६	१:८
३१	श्री रिभरसाईड आ.वि.	२	९	१:५
३२	श्री नव जागृत मा.वि.	३१	६४६	१:२१
३३	श्री तुलोदय मा.वि.	१४	९५	१:७
३४	श्री जनप्रकाश आ.वि.	१	१३	१:१३
३५	श्री महेन्द्र आ.वि.	५	३३	१:७
३६	श्री पञ्चस्वरुप आ.वि.	५	५६	१:११
३७	श्री नवदुर्गा आ.वि.	३	२०	१:७
३८	श्री नवज्योती आ.वि.	५	५७	१:११
३९	श्री हरि आ.वि.	१	८	१:८
४०	श्री ज्ञानेन्द्र आ.वि.	३	३०	१:१०
४१	श्री डिमुवा आ.वि.	७	९३	१:१३
४२	श्री पशुपति मा.वि.	२१	१९५	१:९
४३	श्री सरस्वती आ.वि.	२	९	१:५
४४	श्री सिद्ध आ.वि.	१	९	१:९
४५	श्री जीवनज्योती आ.वि.	३	१६	१:५
४६	श्री बालकल्याणप्रा.वि.	०	७	०
४७	श्री जनसिद्ध मा.वि.	१४	१०२	१:७
४८	श्री भुमी आ.वि.	१	६	१:६
४९	श्री धौला श्रीआ.वि.	२	१७	१:९
५०	श्री पञ्चकोशी आ.वि.	३	१३	१:४
५१	श्री लक्ष्मी आ.वि.	१	७	१:७
५२	श्री दुर्गाभवानी आ.वि.	०	५	०

५३	श्री सिद्धबराह आ.वि.	०	४	०
	जम्मा	**३२२**	**३१८१**	**१:१०**

उपरोक्त विवरण अनुसार यस पालिकामा विद्यार्थी शिक्षक अनुपात १:१० रहेको छ अर्थात यस पालिकामा १ जना शिक्षकले १० जना विद्यार्थीहरुलाई पठन पाठन गराउनु पर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गिकरणमा पर्वत जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ । शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन-पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनु पर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा १० जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा कम रहेको छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नु पर्दछ ।

७४ **प्रति विद्यार्थी लागत**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ:

बजेट विवरण	बजेट रकम	खर्च रकम	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
शिक्षा क्षेत्रको कुल बजेट	२६१३०४०००	२३५११०४१०	३१८०	७३९३४

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.७३९३४/- रहेको छ । शिक्षक विद्यार्थी अनुपात कम रहेकोले प्रति विद्यार्थी लागत बढी रहेको देखियो । अतः पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गरेर प्रति विद्यार्थी लागत कम गर्न पहल गर्नुपर्दछ ।

७५ **शैक्षिक गुणस्तर**

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१ सालको एस.ई.ई.परीक्षामा जम्मा १२९ विधार्थी सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ:

क्र.सं.	जिपिए	जम्मा विधार्थी	उत्तिर्ण विधार्थी संख्या		उत्तिर्ण प्रतिशत	
			संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक
१	३.६१ - ४.००	१०	१	९	६.६०	३.७०
२	३.२१ - ३.६०	३८	८	३०	५३.३०	१२.६०
३	२.८ - ३.२	४२	४	३८	२६.६०	१६.०३
४	२.४ - २.८	३७		३७		१५.६०
५	२.० - २.४	२		२		०.८०
	जम्मा	**१२९**	**१३**	**११६**	**८६.६०**	**४८.९४**

उल्लेखित तालिका अनुसार १२९ विधार्थीमध्ये ३.६१-४.०० जिपिए ल्याउने ९ जना र ३.२१-३.६० जिपिए ल्याउने ३० जना विधार्थी सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखियो । पालिकाले सामुदायिक विद्यालयमा उच्च जिपिए ल्याउने विद्यार्थी संख्या बृद्धि गर्न सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

७६ **संस्थागत विद्यालयको छात्रबृति र त्यसको अनुगमन**

मोदी गाउँपालिकाको आधारभुत तथा माध्यामिध शिक्षा ऐन २०७५ को दफा ४० को उपदफा १ मा संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल बिद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरि तोकिए बमोजिम आर्थिक रुपमा बिपन्न अपाङ्गता भएकाहरु

महिला दलित बिद्यार्थीहरुलाइ छात्रबृत्ति गराउनु पर्ने र त्यसको विवरण गाउँपालिका शिक्षा शाखामा उपलब्ध गराउनुपर्ने व्यवस्था भएकोमा सो को कार्यन्वयन भएको विवरण प्राप्त भएन । अतः ऐनमा तोकेको व्यवस्था अनुसार संस्थागत विद्यालयले छात्रबृति प्रदान गरे नगरेको पालिकाले अनुगमन गर्नुपर्दछ ।

७७ **होस्टल व्यवस्थापन तथा आवासिय विद्यालय अनुदान**

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७९ को नियम ३६ (५) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले निम्नानुसार विद्यालयलाई होस्टेल व्यवस्थापन तथा आवासिय विद्यालय अनुदानवापत रु.७९३६६७/- उपलब्ध गराएको छ ।

गो.भौ.नं.	विद्यालयको नाम	रकम
२३२-२०८१/०९/२५	श्री जनसिद्ध मावि	१४३६६७
६५९-२०८२/०२/२८	श्री नवज्योती मावि	१५००००
६५९-२०८२/०२/२८	श्री पशुपति मा वि	१५००००
६५९-२०८२/०२/२८	श्री भुकु देउराली मा वि	२०००००
६५९-२०८२/०२/२८	श्री हिमालय मा वि	१५००००
	जम्मा	**७९३६६७**

उल्लेखित विद्यालयहरुले सहायक वार्डेन र कुकको तलव भत्ता तथा अन्य सामाग्री खरिदमा खर्च भएको कागजात पेश गरेकोमा उक्त विद्यालयमा होस्टेल सञ्चालन भई कति कति कक्षाका कति विद्यार्थी होस्टेलमा बसी अध्ययन गरेका छन् सो को विवरण संलग्न गरेको छैन । होस्टेल सञ्चालनमा ल्याएर होस्टेलमा बसी अध्ययन गर्ने विद्यार्थीको संख्या खुल्ने कक्षागत प्रमाणित विवरण पेश गर्नुपर्ने रु....

प्रमाण पेश नगरेको	७,९३,६६७

७८ **विद्यालय र विधार्थी संख्या**

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्:

क्र.सं.	विद्यालयको किसिम	विद्यालय संख्या	विधार्थी संख्या	प्रतिशत
१	सामुदायिक विद्यालय	५३	३१८०	८१.२६
२	संस्थागत विद्यालय	५	७३३	१८.७३
	जम्मा	**५८**	**3913**	

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ३९१३ रहेकोमा ८१.२६ प्रतिशत सामुदायिक विद्यालयमा र १८.७३ प्रतिशत संस्थागत विद्यालयमा अध्यनरत रहेको देखियो ।

७९ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती**

आर्थिक वर्ष २०८१/०८२ मा पालिका भित्रका ५३ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ:

विद्यालयकोकिसिम	दरबन्दीसंख्या	स्थायीपदपूर्ती	पदपूर्तीमध्येराहत/करार	रिक्तदरबन्दी
सामुदायिक	३१२	२०२	११०	०

उक्त विवरण अनुसार पालिकामा जम्मा ३१२ शिक्षक दरबन्दी रहेकोमा २०२ जना स्थायी पदपूर्ती र ११० जना अस्थायी/राहत/करारमा नियुक्त गरी पदपूर्ती गरेको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सिर्जना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक

विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८० **क्याम्पसलाई अनुदान** (812-2082-03-22):

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को ज(२०) मा गाउँपालिका तथा नगरपालिकाले माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने उल्लेख छ । शिक्षा नीति, २०७६ को बुँदा नं १०.९ ले माध्यमिक शिक्षाको रुपमा १२ कक्षासम्मको पठनपाठनलाई माध्यमिक शिक्षाको परिभाषामा राखेको देखिन्छ । त्यसैगरी शिक्षा तथा मानव श्रोत विकास केन्द्रले स्थानीय र प्रदेश तहमा ससर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय ईकाइबाट कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित आर्थिक वर्ष २०८१/८२ को लागि प्रकाशित कार्यक्रम कार्यान्वियन कार्यविधिले स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक तहसम्म तलव तथा विद्यालयका अन्य गतिविधिसँग सम्बन्धित क्रियाकलापमा खर्च गर्नसक्ने व्यवस्था गरेको छ । पालिकाले चालु खर्च शीर्षकबाट नवजाग्रत बहुमुखी क्याम्पसलाई विद्यार्थी भर्ना थप अनुदान वापत रु.३०००००/- उपलब्ध गराएको छ । विद्यार्थीबाट भर्ना शुल्क, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसलाई बिश्वबिद्यालय, विश्वविद्यालय अनुदान आयोग तथा प्रदेश सरकारबाट समेत अनुदान उपलब्ध हुने अवस्थामा पालिकाले स्थानीय सरकार सञ्चालन ऐनले तोकेको आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गई क्याम्सलाई अनुदान उपलब्ध गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

८१ **दैनिक विद्यालय ब्रसिङ्ग कार्यक्रम** (755-2082-03-18):

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७९ को नियम ३६(1) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । जनस्वास्थ्य निरीक्षक बिक्रम भुवाजीले वडा नं १,३,४,७ मा प्राथमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा असल मुख स्वास्थ्यका लागि दैनिक ब्रसिङ्ग सम्बन्धी १ दिने कार्यक्रम सञ्चालनको लागि रु.९८०००/- पेश्की लिई कार्यक्रम सञ्चालन गरी रु.१३८७६४/- खर्च भएको बिल भरपाई पेश गरी पेश्की फछ्र्यौट भएको छ । उक्त कार्यक्रम प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई मुख स्वास्थ्य सम्बन्धि शिक्षा दिइने उद्येश्यले सञ्चालन गरेको देखिएकोमा सोको लागि खरिद गरिएका ७५१ थान टुथ ब्रस मध्ये २१ वटा विद्यालयमा ५६० गोटा र ७३० गोटा दन्तमंजन मध्ये २१ वटा विद्यालयमा ५६० गोटा वितरण गरेको छ । बाँकी १९१ गोटा टुथ ब्रस र १७० गोटा मंजन पदाधिकारी, कर्मचारी लगायतलाई समेत वितरण गरेको भरपाई सम्लग्न गरेको छ भने उक्त कार्यक्रममा पदाधिकारी, कर्मचारीलाई भत्ता वितरणमा रु.७९०००/- खर्च लेखेको छ । जुन कार्यक्रममा खर्च भएको कूल खर्चको ५६ प्रतिशत हुन आउँछ । यसरी प्राथमिक तहामा अध्ययनरत विद्यार्थीहरुका लागि सञ्चालन गरिएको कार्यक्रममा सोही अनुसार ब्रस तथा मंजन वितरण गर्नुपर्नेमा पदाधिकारी कर्मचारी लगायतलाई समेत वितरण गरेको तथा कार्यक्रममा भएको कूल खर्चको ५६ प्रतिशत पदाधिकारी तथा कर्मचारी लगायतलाई भत्ता भुक्तानी गरी खर्च गरेको नियमसम्मत नदेखिएको रु..

अनियमित भएको	१,१९,७६४

८२ **स्थानीय पाठ्यपुस्तक छपाई** (814-2082-03-22):

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७९ को नियम ३६ (५) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले स्थानीय पाठ्यपुस्तक निर्माण तथा छपाइ वापत मनकामना फोटो एण्ड स्टेशनरी सेण्टर (३०११५९५०२) लाई कक्षा १ देखि ३ कक्षासम्मको लागि निम्नानुसार स्थानीय पाठ्यपुस्तक छपाई गरी रु.४९७१०९/- भुक्तानी गरेको छ ।

विवरण	पुस्तकको संख्या	दर	रकम मू अ कर समेत
कक्षा १	४०० प्रति	३७२	१६८१४४
कक्षा २	३८० प्रति	३७२	१५९७३७
कक्षा ३	३६० प्रति	४१६	१६९२२८
	११४० प्रति	**जम्मा**	**४९७१०९**

छपाइ भएका ११४० प्रति पुस्तक विद्यालयलाई हस्तान्तरण गरेको भरपाइ संलग्न गरेको छैन । ती पुस्तकहरु सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरेको भरपाईको प्रमाण पेश गर्नुपर्नर्ने रु.....

प्रमाण पेश नगरेको	४,९७,१०९

८३ **माथिल्ला कक्षाको दीवा खाजा**

शिक्षा विज्ञान प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि को कृयाकलाप नं. २.७.११.१ मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका विद्यार्थीलाई दीवा खाजा उपलब्ध गराउने व्यवस्था छ । पालिकाले बालमैत्री वडा घोषणा भएका वडा नं. ३ र ८ का विभिन्न १० वटा विद्यालयका कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुलाई दीवा खाजा खुवाउनको लागि निम्नानुसार गो.भौ.नं. बाट रु.७०७२४७/- खर्च लेखेको छ । कक्षा ५ सम्म आधारभुत विद्यलयमा अध्ययन गर्ने बालकालिकाहरुका लागी विद्यालय आउन उत्प्रेरित गर्न विद्यालयमानैं खाजा पकाएर खुवानु पर्ने ब्यबस्था सहित दिवाखाजा कार्यक्रममा नेपाल सरकारले बजेट विनियोजन गरेकोमा कक्षा ५ भन्दा माथिल्ला कक्षाहरुमा यस्तो ब्यबस्था गरेको छैन भने कक्षा १२ सम्मका विद्यार्थीहरुका लागी विद्यालयमा नैं खाजा पकाएर खुवाउन सम्भब हुने समेत नदेखिंदा यस्तो रकम पालिकाले नगदै वितरण गरेको अनुमान गर्ने आधार देखिन्छ । यसरी पालिकाको आन्तरिक आय न्यून भएको अबस्थामा नेपाल सरकाले तोकेको भन्दा माथिल्ला कक्षाको लागी दिवा खाजा खुवाएको जनाई खर्च लेखेको तथा कक्षा १२ सम्मका विद्यार्थीहरुलाई विद्यालयमा खाजा पकाएर खुवाउने सम्भव र व्यवहारिक समेत हुने नदेखिंदा पालिकाले कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुलाई दीवा खाजा खुवाएको जनाई खर्च लेखेको रु.७०७२४७/- नियम सम्मत नदेखिएको रु.

गो भौ नं	विद्यालयको संख्या	रकम
६१४-२०८२/०२/०६	६	२९६०९७
६२५-२०८२/०२/०९	६	२०६३२५
८३५-२०८२/०३/२२	१०	२०४८२५
	जम्मा	**७०७२४७**

अनियमित भएको	७,०७,२४७

८४ **विवरण अद्यावधिक**

शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले सो बमोजिम शिक्षकको नियुक्ती, अवकास, राजिनामा तथा सरुवाको अभिलेख अद्यावधिक गरी राखेको देखिएन । अभिलेख अद्यावधिक नहुँदा शिक्षकको सरुवा, राजिनामा वा अवकाश पश्चात समेत तलब भत्ता भुक्तानी हुन सक्ने जोखिम देखिएकोले त्यस्तो अबस्था भए नभएको सम्बन्धमा भिडान गर्न सकिएन । अत: नियमावलीमा भएको व्यवस्था बमोजिम अभिलेख अद्याविधक गरि राख्नु पर्दछ ।

८५ **निशुल्क पाठ्यपुस्तक**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं.४.६.२ मा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदानका लागि विद्यालयले माग गरेका विद्यार्थी संख्यासहित रकमलाई IEMIS मा प्रविष्ट तथ्याङ्कसँग सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन (Verification) गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई हिसाब गरी अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण,

पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकममा मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले भौ.नं.१७४-२०८१/१२/१८ बाट शैक्षिक सत्र २०८१ को IEMIS तथ्याङ्कलाई आधार मानी कुल ४८ विद्यालयलाई पाठ्यपुस्तक अनुदानतर्फ पहिलो किस्ताबापत ७५ प्रतिशत ले हुने रकम रु.१३२६४९८/- निकासा गरेकोमा विद्यालयहरूले पेस गरेको पाठ्यपुस्तक खरिदको बिल तथा विद्यार्थीहरूलाई पाठ्यपुस्तक बुझाएको भरपाई समेतको आधारमा भौ. नं. ३३०-२०८२/३/१९ बाट नपुग रकम रु.४३६०२७/- गरी जम्मा रु.१७६२५२५/- निकासा दिएकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण प्रमाणित गरेको नदेखिंदा वास्तविक विद्यार्थी संख्याको आधारमा पाठ्यपुस्कत बापतको रकम निकासा भए नभएको सम्बन्धमा यकिन हुन सकेन । विद्यार्थी संख्या सत्यापन गराई सत्यापित यथार्थ विवरणका आधारमा पाठ्यपुस्तक रकम निकासा गर्नुपर्दछ । साथै समयमा विद्यार्थीले पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा अनुगमन समेतका आधारमा पालिकाले एकिन गर्नुपर्दछ । पालिकाले विद्यार्थीको अद्यावधिक विवरण राखि संख्या एकिन गरेर सत्यापन भएको सुनिश्चत भएपछि मात्र यस्तो रकम भुक्तानी दिनुपर्दछ।

८६ **दिवा खाजा**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा प्राप्त गर्ने विद्यार्थी संख्या, विद्यार्थीको हाजिरी तथा प्रगति प्रतिवेदन समेतको आधारमा औषत रुपमा प्रतिविद्यार्थी वार्षिक रुपमा १८० दिनका दरले उपलब्ध भएसम्म स्थानीय उत्पादन समेतमा आधारित दिवा खाजाको व्यवस्था छ । यसरी दिवा खाजाबापत त्रैमासिक रुपमा रकम निकासा गर्ने र अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने समेत उल्लेख छ । पालिकाले विद्यालयबाट प्राप्त प्रमाणित विद्यार्थी हाजिरी विवरणका आधारमा ५३ वटा सामुदायिक विद्यालयका विद्यार्थीका लागि संघीय सशर्ततर्फ प्रति विद्यार्थी प्रतिदिन रु. १५।– का दरले जम्मा रु.४२८५०६२ निकासा गरेको छ । निकासा भएको रकम तोकिएको कार्यमा खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको नदेखिदा अनुगमन गरी दिवा खाजा रकम निकासाको सही सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ । साथै डिमुवा प्रा.वि. मोदी-६ लाई दिवा खाजा बापत रु.२६७५१०/- निकासा भएकोमा उक्त विद्यालयका विद्यार्थीहरूका लागि आफ्ना अभिभावकले खाजा लिई आउने गरेको हुँदा पालिकाबाट दिवा खाजाबापत प्राप्त भएको रकम विद्यालयले निज अभिभावकहरूलाई नगदै दिने गरेको पालिकाले जनाएकोले सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ बमोजिम तोकिएको मापदण्ड अनुसार विद्यालयमा खाजा पकाएर खुवाउनुपर्नेमा नगदै भुक्तानी गरेकोले मापदण्डमा भएको ब्यबस्था भन्दा फरक हुनेगरी खर्च लेखेको रु.२६७५१०/- नियम सम्मत नदेखिएको रु..

अनियमित भएको	२,६७,५१०

८७ **छात्रवृत्ति (गैरआवासीय)**

कार्यक्रम कार्यन्वयन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं ७.२.१.१मा सार्वजनिक विद्यालमा अध्ययनरत विधार्थिहरूका लागि छात्रवृत्ति बापत अनुदान दिदा विद्यालयको मागको आधारमा तेस्रो त्रैमासिकमा विद्यालयहरूलाई अनुदान दिने र विद्यालयले शैक्षिक सत्र सुरु भएको दुई महिना भित्र विद्यार्थीलाई वितरण गरी सक्नुपर्ने र स्थानीय तहले विद्यालयले छात्रवृत्ति वितरण गरेको भर्पाइ तथा समग्र कार्यक्रमको प्रभावकारिताको अनुगमन गर्ने व्यवस्था छ । पालिकाले गैर आवासिय छात्रवृत्ति बापत विभिन्न विद्यालयहरूलाई भौ.नं. र मिति २९६-२०८२/३/१६ बाट रु.२५३८००/- निकासा दिएको छ । उक्त रकम सम्बन्धित विद्यार्थीले पाए नपाएको, दोहोरो परे नपरेको तथा छात्रवृत्तिको प्रभावकारिता सम्बन्धमा पालिकाले अनुगमन गरेको नदेखिदा अनुगमन गरी छात्रवृत्तिको रकमको सदुपयोग गरेको सुनिश्चित गर्नुपर्दछ ।

८८ **विद्यालय सामाजिक परीक्षण तथा लेखापरीक्षण**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण समेतका लागि आधारभूत तह सञ्चालित विद्यालयहरूका लागि प्रति विद्यालय

रु. १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरूका लागि प्रति विद्यालय रु. १५ हजारको दरले एकमुष्ट अनुदान निकासा दिने र विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराई प्रतिवेदन स्थानीय तह समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ.व. २०८१।८२ मा ५२ वटा सामुदायिक विद्यालयको सामाजिक लेखापरीक्षण तथा आर्थिक लेखापरिक्षण समेतका लागि रु.५७५०००/- निकासा गरेकोमा सम्पूर्ण विद्यालयहरूको सामाजिक परीक्षण तथा लेखापरीक्षण प्रतिवेदन पेस हुन आएको देखिएन । कार्यविधि बमोजिम समयमै लेखापरीक्षण प्रतिवेदन समेत प्राप्त गरी प्रतिवेदनका व्यहोरा उपर कारवाही गर्ने गराउने ब्यबस्था गर्नुपर्दछ।

८९ **सेनीटरी प्याड**

सेनीटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ३ मा स्थानीय तहले सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूको EMIS प्रणालीबाट प्राप्त तथ्याङ्कसँग भिडाई प्रचलित कानुन बमोजिम तोकिएको गुणस्तरको सेनिटरी प्याड खरिद गर्नुपर्ने, दफा ४ मा पालिकाले खरिद गरेको सेनीटरी प्याड सुरक्षित किसिमले भण्डारण गरी गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन गर्ने र विद्यालयलाई त्रैमासिक/चौमासिक/अर्धवार्षिक रुपमा वितरण गर्ने, दफा ६ मा विद्यालयले प्राप्त सेनीटरी प्याड जिन्सीमा अभिलेख राख्नुपर्ने समेतको व्यवस्था व्यवस्था छ । त्यस्तै कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१ को क्रियाकलाप २.७.१३.२३ सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदानमा स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरूको प्रतिवेदन तयार गरी गरी स्थानीय तहमा पठाउने व्यवस्था छ । पालिकाले Health and Hygiene product Pvt. Ltd. सँग भौ.नं. ४०२-२०८२/३/२५ बाट रु.४६१२७० (मु.अ. कर सहित) मा ८२८० प्याकेट (१० पिस/प्रति प्याकेट) सेनीटरी प्याड खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

८९.१ सेनिटरी प्याड खरिद गर्दा पालिकाले विद्यालयहरूमा सेनीटरी प्याड आवश्यक पर्ने छात्राहरूको वास्तविक संख्या यकिन गरेको छैन भने खरिद गरिएका सेनिटरी प्याडहरू गुणस्तरमा असर नपर्ने गरी विद्यालयमा भण्डारण क्षमता भए नभएको एकिन नगरी विद्यालयलाई एकमुष्ठ वितरण गरेको छ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र सेनीटरी प्याड खरिद गरी गुणस्तरमा असर नपर्ने गरी भण्डारणको व्यवस्था गर्नुपर्दछ ।

८९.२ कार्यविधि बमोजिम पालिकाबाट विद्यालयमा सेनीटरी प्याडको वितरण तथा प्रयोगको अवस्थाको अनुगमन भएको नदेखिदा अनुगमनलाई प्रभावकारी बनाई सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ,

८९.३ पालिकाले खरिद गरी देहायबमोजिमका विद्यालयका प्र.अ. हरूलाई बुझाएको देहायबमोजिमको परिमाणका सेनीटरी प्याड कार्यविधि बमोजिम सम्बन्धित विद्यालयको जिन्सी खातामा दाखिला भएको प्रमाण पेस भएको नदेखिदा सम्बन्धित विद्यालयमा जिन्सी दाखिला भएको प्रमाण पेस हुनुपर्ने रु..

क्र. सं.	विद्यालय	संख्या	रकम(रु.)
१	भुक देउराली मा वि	३७३३	२०७९७
२	हलहले आ वि	१२००	६६८५
३	हिमालय मा वि	३७३३	२०७९७
४	जन आदर्श आ वि	४००	२२२८
५	जन नेत्र मा वि	८५३३	४७५३७
६	जनसिद्ध मा वि	४२६७	२३७७१
७	झिलिबराङ आ वि	१०६७	५९४४
८	खुइजरी आ वि	९३३	५१९८
९	क्याङकर्बाकेली आ.वि.	१०६७	५९४४
१०	लेसपर मा वि	१६००	८९१४
११	महेन्द्र शिखरी मा वि	५७३३	३१९३९
१२	नवजागृति मा वि	२६५३३	१४७८१५
१३	नव ज्योति थम मा वि	४१३३	२३०२५
१४	पशुपति आ वि	१३३३	७४२६
१५	पशुपति मा वि	६८००	३७८८३
१६	सरस्वती मा वि	७७३३	४३०८१
१७	ठुलोदय मा वि	३२००	१७८२७
१८	भवानी आ वि	८००	४४५७
जम्मा		**८२७९८**	**४६१२६८**

प्रमाण पेश नगरेको	४,६१,२६८

९० **सामुदायिक सिकाई केन्द्र अनुदान**

कार्यक्रम कार्यन्वयन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं २.७.१३.११ मा शैक्षिक पहुँच सुनिश्चितता,अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई केन्द्र सञ्चालन अनुदान बापत प्रतिकेन्द्र वाषिक रु.३ लाख दिने व्यवस्था छ । सो बमोजिम अनुदान प्राप्त गर्न सामुदायिक सिकाई केन्द्रको साधारण सभा भएको र साधारण सभाबाट आगामी वर्षको बजेट तथा कार्यक्रम स्वीकृति वा पारित गरेको, साधारण सभाको बैठकबाट गत आर्थिक वर्षको खर्चको विवरण स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रयोग गरी नियमित रुपमा प्रतिवेदन गरेको हुनुपर्ने, उक्त अनुदानबाट सिकाई केन्द्रको व्यवस्थापन समितिको निर्णयानुसार परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रु.१००००/- का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च बैङ्क मार्फत भुक्तानी गर्ने उल्लेख छ । पालिकाले उक्त शिर्षकबाट राम्जा देउराली सामुदायिक सिकाई केन्द्रका परिचालकको पारिश्रमिक बापत त्रैमासिक रुपमा जम्मा रु.१३००००/- सिकाई केन्द्रको नाउँमा निकासा गरेको छ । उक्त सामुदायिक केन्द्रले अनुदान प्राप्त गर्नका लागि तोकिएको मापदण्ड पूरा गरेरमात्र रकम भुक्तानी भए नभएको सम्बन्धमा कुनै पनि प्रमाण पेस नभएको साथै उक्त

सिकाई केन्द्रका परिचालकको प्रमाणित हाजिरी बेगर रकम निकासा गरेकोले उक्त सिकाई केन्द्र सञ्चालनमा भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन । अत: उक्त सामुदायिध सिकाई केन्द्र सञ्चालनमा भएमा उक्त केन्द्रले वार्षिक रुपमा सञ्चालन गरेका क्रियाकलापहरुको प्रमाणित विवरण र सामुदायिक सिकाई केन्द्रको परिचालकको प्रमाणित हाजिरी पेश गर्ने अन्यथा यसरी भुक्तानी भएको रकम रु.१३००००/- भुक्तानी प्राप्त गर्ने सम्बन्धितबाट असुल गर्नुपर्ने रु..

प्रमाण पेश नगरेको	१,३०,०००

९१ **नमुना विद्यालय अनुदान** (244-2082-02-14):

कार्यक्रम कार्यन्वयन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियनका लागि श्री नवजागृत मा.वि. मोदी-६ लाई रु.१००००००/- अनुदान निकासा भएकोमा पेस भएको कार्य योजना अनुसार बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन पेस भएको नदेखिंदा बिल भराई सहितको कार्य सम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन समेत पेस हुनुपर्ने रु..

प्रमाण पेश नगरेको	१०,००,०००

९२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वटा वडामा योजना सञ्चालन गरेर ६९ जना श्रमिकलाई रोजगारी उपलव्ध गराई रु.४७४८०४०/- श्रमिक ज्याला खर्च लेखेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भए नभएको विश्लेषण गरेको छैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तबरले कार्य सञ्चालन गर्नुपर्दछ ।

९३ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)** (246-2082-02-19):

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)- (भौ.नं. २४६-२०८२।२।१९/संघीय सशर्त चालु) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू प्रशिक्षण अवधिभित्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरी प्राप्त रकम राजस्व दाखिला गर्ने,त्यसरी बिक्री तथा वितरण हुन नसकेका सामान वा वस्तुहरू सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, सौगात गृह,बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था मिलाउने र त्यसरी पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०८१/१२/१७ देखि २०८२/१/५ सम्म सञ्चालित २० दिने ढाका बुनाई पुनर्ताजगी तालिमको पेश्की फछ्र्यौट बापत गणेश शर्मा अधिकारीलाई रु.१३५५९०/- भुक्तानी गरेकोमा उक्त कार्यक्रमका लागि रु.४००००/- को कच्चा पदार्थ समेत खरिद गरेको देखिन्छ । तर तालिमको क्रममा उक्त कच्चा पदार्थबाट के-कति वस्तु तयारी भयो भन्ने सम्बन्धमा स्पष्ट अभिलेख राखेको देखिएन । अत: खरिद भएको कच्चा पदार्थ मध्ये के कति तालिम कार्यक्रमा उपयोग भयो र बाँकी कच्चा पदार्थ कुन अबस्थामा रहेको वा के कति तयारी बस्तु उत्पादन भएको हो सो एकिन गरी पालिकाको जिन्सी खातामा दाखिला गर्ने ब्यबस्था गर्नुपर्दछ ।

९४ **सामाजिक सुरक्षा**

९४.१ **पारदर्शिता :** कार्यविधिको दफा ३२ मा स्थानीय तहले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नामावली

सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको उल्लेखित व्यवस्थाको परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

९४.२ **अनुगमन तथा निरीक्षण :** कार्यविधिको दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको नदेखिदा पालिकाले यसतर्फ ध्यान दिनुपर्दछ।

९४.३ **निष्कृय खाता तथा लगत कट्टाः** कार्यविधिको दफा २३(५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने बैंकले खाताहरू मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६(३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। बैंकले निस्क्रिय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकोले वितरित रकम यकिन हुन सकेन। पालिकाले बैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ।

९५ फरक दाखिला

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८३ (१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी सामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले निम्नानुसार सामाजिक परीक्षण र संगठन तथा व्यवस्थापन सर्भेक्षण (ओ एण्ड एम सर्भेक्षण) कार्य वापत रु.४९०३५९/- भुक्तानी गरेकोमा परापर्शदाताले तयार गरेका प्रतिवेदन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा (PAMS) मा अन्य मौज्दातमा दाखिला गरेको छ । यसरी अन्य मौज्दातमा दाखिला गर्दा दाखिला गरेको प्रतिवेदन पालिकाको सम्पत्ति तथा जिन्सी निरीक्षणमा नदेखिने हुनाले उक्त प्रतिवेदनलाई सम्पत्तीमा देखिने गरी दाखिला गरी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु..

गो.भौ.नं.	विवरण	परामर्श दाता	भुक्तानी भएको रकम
८१५-२०८२/०३/२२	सामाजिक परीक्षण को प्रतिवेदन तयारी कार्य	इनोभेशन मल्टी प्रपोज रिसर्च एण्ड कन्सल्टेन्ट (६२१२७५८७४)	१९७६३७
८२३-२०८२/०३/२२	संगठन तथा व्यवस्थापन सर्भेक्षण (ओ एण्ड एम सर्भेक्षण)	ब्राइट रुट एकेडेमी प्रा.लि.	२९२७२२
		जम्मा	**४९०३५९**

प्रमाण पेश नगरेको	४,९०,३५९

९६ जिन्सी सामाग्रीको म्यान्युअल दाखिला

दाखिला सरकारी सम्पत्तिको अभिलेख राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) तयार गरी २०७८/७९ देखि सबै सरकारी कार्यालयहरुमा अनिवार्य रुपमा प्रयोग गर्ने गरी लागु गरेको छ । जसले गर्दा आर्थिक वर्ष २०७८/७९ देखि जिन्सी अभिलेख म्यानुअल (रजिष्टर) मा राख्न मिल्ने देखिदैन । पालिकाले खरिद गरेका निम्नानुसारका सामाग्री म्यानुअल (रजिष्टर) मा दाखिला गरेकोले ती सामाग्री पालिकाको सम्पत्तिमा नदेखिने अवस्था हुनुका साथै हराउने तथा हिनामिना समेत हुनसक्ने हुनाले खरिद गरिएका सामाग्री अनिवार्य रुपमा PAMS मा दाखिला गर्नुपर्दछ । म्यानुअल दाखिला गरिएका रु.४९२३९८/- मूल्यका निम्नानुसारका जिन्सी सामाग्रीहरु PAMS प्रणालीमा दाखिला गरेको प्रतिवेदन पेश गर्नुपर्ने रु.

गो.भौ.नं.	सामानको विवरण	आपूर्तिकर्ता	रकम	
८२-२०८२/०३/१९ (गा पा पूँजीगत)	Digital Thermometer १००गोटा,ENT Set ८ गोटा,HCG Kit ४०० गोटा,Light Scale १६ गोटा,लगायत १६ प्रकारका ६५३ थानHealth and Surgical Equipment	आरम्भ फर्मा लिंक प्रा.लि. (६१०१५०८०३)	३७७६३७	
१०५-२०८१/०७/३० (गापा चालु)	मोबाइल सेट – NAV 2070pro81256	खरेल मोबाइल इलेक्ट्रोनिक्स (३०३६५९१९८)	३६०००	
१४७-२०८२/०८/१२ (गापा चालु)	SSD 256 GB, Colour Inkset, Mother Board, Router, RAM, Harddisk, Cartidge, Drumunit लगायत १३प्रकारका सामान	पुरी कम्प्युटर सेन्टर (६१६१७५७२५)	७८७६१	
		जम्मा	**४९२३९८**	

प्रमाण पेश नगरेको	४,९२,३९८

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मोदी गाउँपालिका, पर्बत , मोदी गाउँपालिका , पर्वत

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	रामप्रसाद शर्मा	२०८०-७-१५	२०८१-५-१५
कार्यालय प्रमुख	Baburam Puri	२०८१-०५-२८	हाल सम्म कार्यरत
लेखा प्रमुख	खगराज सुवेदी	२०८०-१०-२८	२०८१-०६-०७
लेखा प्रमुख	Dhakaram Lamichhane	२०८१-०६-१४	२०८२-०७-०३

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५,४०२,६५१	१४,८५७,२९१	८,५३३,५०१	०	०	१,५९३,२००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३०,३८६,६४३
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					७६७,११४
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					२९,६१९,५२९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१३३५२७८१.८५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३७६०५१३२०	चालु खर्च	३९३८५०९०८.७९
प्रदेश सरकारबाट अनुदान	१९९५०८००	पूँजीगत खर्च	७०८५१३४१.७५
राजश्व बाँडफाँट	१००३६३७८५.८४	वित्तीय/अन्य व्यवस्था	१७४४१८६४३.२८
आन्तरिक आय	५९६१६०८.५९		
अन्य आय	१६१२३६८९३.१३		
कुल आय	६६३५६४४०७.५६	कुल खर्च	६३९१२०८९३.८२
बाँकी मौज्दात		३७७९६२९५.५९	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०)

विवरण	चालु आ.ब.को कारोबार	गत आ.ब. को कारोबार
कर	९१२८०२६८.६८	८३६०१८८५.०७
अनुदान	३७९३०१६१०.२२	३८७१३१९२८.१६
अन्य राजस्व	१८६३७५४०.२०	२३४८२५०२.७८
विविध प्राप्ति	१९१००.००	११२५९०४.००
कुल जम्मा प्राप्ति	४८९२३८५१९.१०	४९५३४२२२०.०१
चालु	३९३८५०९०८.७९	४०५६४२९४५.९१
पारिश्रमिक / सुविधा	२६४११०६८२.४९	२९४३८१२४०.११
मालसामान तथा सेवाको उपयोग	७८६७१३५८.८०	६३६१०४९१.८०
सहायता (Subsidy)	३५२४३९४२.५२	८२८२३२४.००
अनुदान	०.००	३०७५२२६४.००
सामाजिक सुरक्षा	१४७८४२०७.९८	६९२७७५६.००
अन्य खर्च	१०४०७१७.००	१६८८८७०.००
पूंजीगत	७४४९२८४६.००	९८५४७६६४.००
भवन तथा संरचना	४९१०९४९.००	२०६४८८९७.००
सवारी साधन, मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स	३१६६८२६.००	६५९३६९३.००
अन्य पूँजीगत खर्च	१४२५१७३.००	३४२५४८२.००
सार्वजनिक निर्माण	६४७९७४४२.००	६७३७९५९२.००
निर्मितसरचनाको सुधार खर्च	१९२४५६.००	५०००००.००
कुल जम्मा भुक्तानी	४६८३४३७५४.७९	५०४१९०६०९.९१
बचत /कमी (ग = क-ख)	२०८९४७६४.३१	-८८४८३८९.९०
धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	५२७७९५९.६३	-१६७२३१३.६६
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		
यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	२६१७२७२३.९४	-१०५२०७०३.५६
गत आ.व.को नगद तथा बैंक मौज्दात	१४२५०७८२.८०	२४७७१४८६.३६
विनिमय नाफा/घाटा तथा अन्य समायोजन		

आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	४०४२३५०६.७४	१४२५०७८२.८०

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।

- प्रयोग हुने सुनिश्चत भएपछि मात्र सामाग्री खरिद गर्नुपर्दछ भने खरिद भएका सामाग्रीहरु अनिबार्यरुपमा सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (पाम्स) मा वर्गिकरण गरेर दाखिला गर्नुपर्दछ ।
- खरिद भएका औषधी तथा स्वास्थ्य सम्बन्धी उपकरणहरु विगतमा विद्युतीय लजिस्टिक व्यवस्थापन सूचना प्रमाणली (ई.एल.एम.आई.एस.) बाट ब्यबस्थापन हुनेगरेकोमा आर्थिक वर्ष २०८१/८२ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट ब्यबस्थापन गर्न अनियबार्य गरेकोमा ई.एल.एम.आई.एस. मा मौज्दात रहेका सबै औषधी तथा उपकरणहरु अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिम्मेबारी सार्नुपर्दछ ।

- कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानैरहने गरेकोमा अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्दछ ।

- गैरसरकारीसंस्थासँगको साझेदारीमा सञ्चालित योजनाहरुमा सम्झौता र लागत अनुमान अनुसारको एकिकृत कार्यसम्पन्न प्रतिवेदन तयार गरी सोही अनुपातमा पालिकाबाट भुक्तानी दिनुपर्दछ ।

- उपयोग हुने सुनिश्चित भएपछि मात्र सूचना प्रविधि प्रणाली (सफ्ट्वेयर) निर्माण गर्नुपर्दछ भने वेबमा आधारित सूचना प्रविधि प्रणाली (सफ्ट्वेयर) को सरकारी वेबसाईटबाट होस्टिङ्ग गर्ने ब्यबस्था गर्नुपर्दछ ।

- पुर्वाधार निर्माणकार्यको लागत अनुमान, नापी किताव, नापी बिल, तथाकार्यसम्पन्न प्रतिवेदनमा त्यस्तो विवरण तथा प्रतिवेदन तयार गर्ने तथा स्वीकृतगर्ने कर्मचारी तथा पदाधिकारीको नाम र पद खुलाउने व्यवस्था गर्नुपर्दछ